# सकारात्मक विभेदको अवधारणा

# Concept of Positive Discrimination




**प्रकाशक**

मानवअधिकार मञ्च नेपाल



इलाम नगरपालिका- ३, गोलबस्ती, इलाम

फोनः ०२७-५२०८००, फ्याक्सः ०२७-५२०९१९

hurfilam@ntc.net.np, info@hurf.org.np

www.hurf.org.np



**प्रकाशन सहयोग**

Umverteilen Stiftung

# सकारात्मक विभेदको  अवधारणा

## Concept of Positive Discrimination

<u>लेखन तथा सम्पादन</u>
**नवराज शंकर**

<u>प्रकाशन</u>
मानवअधिकार मञ्च नेपाल
इलाम

<u>आवरण/कम्प्युटर</u>
भक्तबहादुर थामी

**मुद्रणः**
सगरमाथा छापाखाना
काँकरभिट्टा, झापा

**मानव अधिकार मञ्च नेपाल, इलाम**

***HUMAN RIGHTS FORUM NEPAL, Ilam***

**स्था-२०५५**

जि.प्र.का.इ.द.नं. २४७
स.क.प.द.नं. २००९२

## प्रकाशकीय

मानव अधिकार क्मञ्च नेपाल, इलाम समतामूलक समाज निर्माणको परिकल्पनाका साथ क्रियाशिल संस्था हो । यसले मानव अधिकारका विभिन्न क्षेत्रहरुमा काम गरिरहेको छ । यस्तै, वि.सं. २०५५ सालमा स्थापित यो संस्थाले नेपालको विगतका द्वन्द्वको समयदेखि हालसम्म द्वन्द्व रुपान्तरणको क्षेत्रमा समेत निरन्तर काम गरिरहेको छ ।

समाजमा विद्यमान विभेद र असमानताका अन्त्यको लागि पछिल्लो समयमा सकारात्मक विभेदको अवधारणा आएको छ । "समानहरुका लागि समान व्यवहार, असमानहरुका लागि असमान व्यवहार" भन्ने मुख्य अभिप्रायका साथ यो अवधारणा आएको पाइन्छ । बिशेष गरेर राज्यको मूल प्रवाहबाट पाखा पारिएको समुदायलाई राज्यको मूल प्रवाहमा समाहिकृत गर्ने कुरासँग यो अवधारणा सम्बन्धित रहेको छ । मुख्यतः प्राप्त स्रोत र साधनहरु जसले पाउनुपर्ने हो, उसैले पाओस् र पाएकोले दुरुपयोग नगरोस् भन्ने कुरा पनि यो अवधारणाको महत्वपूर्ण पाटो हो ।

नेपालको सन्दर्भमा विकसित र समतामूलक समाज निर्माण गर्नका लागि सकारात्मक विभेदको अभ्यास प्रारम्भ भएको छ । एकातिर यसको सही कार्यान्वयन आवश्यक छ भने अर्कातिर सकारात्मक विभेदको अभ्यासको आवश्यकता तलतलसम्म पुऱ्याउनु अनिवार्य छ । यसै कुरालाई मध्यनजर गर्दै मानव अधिकार मञ्च नेपाल, इलामले **Umberteilin Stiftung** को सहयोगमा एक बर्षको लागि इलाम र पाँचथर जिल्लाको ६-६ गाउँ विकास समितिहरुमा "सकारात्मक विभेदको अवधारणा सम्बन्धी सचेतना अभियान" सञ्चालित छ । यसै कार्यक्रम अन्तर्गत **"सकारात्मक विभेदको अवधारणा"** सम्बन्धी यो पुस्तक प्रकाशन गरिएको छ ।

सकारात्मक विभेदको अवधारणा सम्बन्धी यस पुस्ततकको लेखन तथा सम्पादन गर्नुहुने यस संस्थाका श्री **नवराज शंकर** र आवरण तथा कम्प्युटर गर्नुहुने **भक्तबहादर थामी**प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस पुस्तकको अध्ययन गरेर कमी, कमजोरीहरु औल्याई यसलाई अझ सम्बृद्ध बनाउनका लागि सबैमा अनुरोध समेत गर्दछु ।

मोहनसिंह थेवे
अध्यक्ष
मानव अधिकार मञ्च नेपाल

# विषयसूची


सकारात्मक विभेदको अवधारणा र नेपालमा यसको अभ्यास १-११

मानव अधिकार १२-२३

महिला अधिकारको र घरेलु हिंसा (कसूर र सजाय) ऐन-२०६६ २४-३८

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी-१६९ र आदिवासी जनजातिको अधिकार ३९-५१

दलित अधिकार र कानूनी सवाल ५२-७७

बालअधिकारको सवाल ७८-८५

जेष्ठ नागरिकको सम्मान र सरोकारवालाको भूमिका ८६-९१

अपाङ्गताको सवाल र राज्यको दायित्व ९२-९५

सन्दर्भ सामाग्रीहरु-

# सकारात्मक विभेदको अवधारणा
# र
# नेपालमा यसको अभ्यास

## १. विषय प्रवेश:

मानिस सामाजिक प्राणी हो । समाजमा विविधताहरु पनि विद्यमान छ । त्यसैको जगमा विभेदपूर्ण वातावरण सिर्जना भएको अवस्था छ । सामान्यतः सकारात्मक विभेदको अवधारणा समानताका लागि नै अभ्यासमा आएको पाइन्छ । समानताको अवधारणा सबै मानिस एउटै परिवारका सदस्य हुन् र सबैको समान आत्मसम्मान तथा मर्यादा हुन्छ भन्ने मान्यताबाट अभिप्रेरित छ । समानताको अधिकार अन्य सबै अधिकारको केन्द्र भाग हो । यसलाई न्यायपूर्ण सामाजिक व्यवस्थाको पर्यायको रुपमा पनि लिने गरिन्छ ।

समानताको मूल मर्म भनेको समानहरुको बीचमा असमान व्यवहार गरिनुहुँदैन र असमानहरुको बीचमा समान व्यवहार गरिनुहुँदैन तथा समानहरुलाई समान व्यवहार गरिनुपर्दछ भन्ने हो । नागरिकहरुको समानाताको अधिकारलाई



वर्तमानमा संसारका सबै सभ्य मुलुकहरुले उच्च महत्वकासाथ आफ्नो संविधानमा संरक्षण प्रदान गरेका छन् । यस्तै मानव अधिकार सम्बन्धी सबै अन्तराष्ट्रिय दस्तावेजहरुमा समेत यसलाई जन्मसिद्ध तथा अहरणीय अधिकारको रुपमा संरक्षण प्रदान गरेको पाइन्छ ।

समानताको सिद्धान्तलाई शुरुका दिनहरुमा औपचारिक समानताको रुपमा मात्र स्वीकार गरिएको थियो । जसको मूल आधार प्रसिद्ध दार्शनिक एरिस्टोटलले अघि सार्नुभएको “समानलाई समान र असमानलाई असमान व्यवहार गर्ने” मान्यता नै रहेको थियो । तर वर्तमानमा भने समानताको अर्थ बराबार वा समानमा मात्र सीमित छैन । न्यायलाई अहिले समानताको पर्यायको रुपमा लिने गरिन्छ । राज्यले आफ्ना नागरिकहरुलाई गर्दै आएको र गर्ने व्यवहार समानतामा आधारित हुनलाई त्यस्तो व्यवहार न्यायपूर्ण पनि हुनुपर्दछ । अर्थात् परिणममा समानता हुन अनिवार्य छ ।

संसारमा समानताका विभिन्न पद्धतिहरु अभ्यासमा छन् । जसमा मुख्य रुपमा औपचारिक समानता र सारभूत समानता रहेका छन् । एकातिर, औपचारिक समानता शास्त्रीय उदारवाद र वराबरीको अवधारणामा आधारित रहेको छ । यसले सबैलाई

समान रुपमा व्यवहार गरिएको भए समानता हुन्छ र समाजमा अन्याय हुँदैन भन्ने मान्यता राख्दछ । समानताका लागि यो मान्यता खारगरी राजनीतिक तथा नागरिक अधिरकारहरुका सम्बन्धमा बढी आकर्शित हुने गर्दछ । किनकी यसले सबै व्यक्तिहरु एउटै स्थानबाट अघि बढ्दछन् भन्ने मान्यता राख्दछ र ऐतिहासिक वा सामाजिक रुपमा भइरहेको विभेदको वास्ता गर्दैन । अर्कातिर, सारभूत समानताको पद्धतिले रुपमा मात्र रुपमा मात्र होइन सारमा (व्यवहारमा मात्र हाइन, परिणाममा) पनि समानता हुनुपर्दछ भन्ने मान्यता राख्दछ । त्यसका लागि ऐतिहासिक, सामाजिक-साँस्कृतिक, आर्थिक, भौगोलिक वा अन्य तत्वहरुलाई समेत विचार गरेर मात्रै कानून, नीति, नियमहरु निर्माण गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । समानताको यही मान्यताको आधारमा नै संसारभर सकारात्मक विभेद र सकारात्मक कार्यका लागि आवाज उठ्न थालेका छन् । यसै सन्दर्भमा, कतिपय मुलुकहरुले संवैधानिक र कानूनी व्यवस्था समेत गरेका छन् ।

## २. सकारात्मक विभेदको अर्थः

सकारात्मक विभेदलाई सजिलोसँग बुझ्नका लागि विभेद वा भेदभावको अर्थ बुझ्न आवश्यक छ । समान्य अर्थमा विभेद वा भेदभाव भन्नाले फरक व्यवहारलाई बुझ्ने गरिन्छ । मुख्यतः



राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक वा सार्वजनिक जिवनका अन्य कुनैपनि क्षेत्रमा समानताको आधारमा मानव

|  |  |
|---|---|
| **चित्र-क** | **चित्र-ख** |

**प्रस्तुत दुवै चित्रमाः** बाँदर, सारस र कुकुर रहेका छन् । चित्र-क मा एउटा ठूलो भाँडोमा सबैलाई खानेकुरा एकैठाउँमा प्रदान गरिएको छ । जहाँ बाँदर, सारसलाई जटिल भएको छ । यो समताको परम्परागत विधि हो । त्यस्तै चित्र-ख मा बाँदर, सारस र कुकुर सबैलाई फरक-फरक भाँडो राखिएको छ । जसमा सबैलाई खान सजिलो भएको छ । यो सकारात्मक विभेदको अभ्यास हो । झट्ट हेर्दा विभेद देखिन्छ तर सबैलाई न्याय प्रदान भएको अवस्था छ ।

अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाती, वर्ण, वंश वा राष्ट्रिय तथा जातीय उत्पत्ति वा लैङ्गिक तथा अन्य कुनैपनि कुरामा आधारित भएर गरिने जुनसुकै प्रकारका भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई विभेद वा भेदभाव भन्ने गरिन्छ ।


सकारात्मक विभेद (Positive Discrimination) भन्नाले राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक तथा सार्वजनिक जिवनका अन्य कुनै क्षेत्रमा विगतमा राज्यले अनुशरण गरेको असमानताको नीति तथा व्यवहारको परिणामले वा राज्यको संरचनागत ढाँचाले वा कतिपय प्रथागत तथा जातीगत व्यवहार र ढाँचाले पछाडि पारिएको वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाती, समुदाय, भाषा-भाषीहरुको मूल प्रवाहीकरण गरी उनीहरुको नैसर्गिक तथा जन्मसिद्ध अधिकारहरुको अर्थपूर्ण संरक्षणका लागि राज्यद्वारा औपचारिक रुपमा अनुशरण गर्ने नीतिलाई बुझ्नुपर्दछ ।

त्यसैले सकारात्मक विभेद (Positive Discrimination) को उद्देश्य भनेको पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाती, समुदाय, भाषा-भाषीहरुको मूल प्रवाहीकरण गरी उनीहरुको नैसर्गिक तथा जन्मसिद्ध अधिकारहरुको प्रभावकारी संरक्षण गर्नु नै हो । यस अवधारणाको उद्देश्य अन्य कुनै वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाती, समुदाय, भाषा-भाषीहरुको अधिरकाहरुको कटौती वा बहिष्कार वा प्रतिबन्ध गर्नु भन्ने होइन ।



## ३. सकारात्मक विभेदको आवश्यकता:

समाज विकासको इतिहास वर्ग संघर्षको इतिहास पनि हो । हाम्रो समाजको विकासको क्रममा कुनै एक वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाती, समुदाय, भाषा-भाषीहरुले कुनै अर्को वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाती, समुदाय, भाषा-भाषीहरु उपर तिनीहरुका




राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक लगायतका अधिकारहरुको उपयोगमा गरिएको भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकताको परिणामस्वरुप समानतामा आधारित समाजको निर्माण हुन नसकेको तीतो यथार्थता हामी सामु छ । यसरी संसारभर नै कतै जातका आधारमा, कतै वर्णका आधारमा, कतै धर्मका आधारमा, कतै लिङ्गका आधारमा, कतै वर्गका आधारमा, कतै राष्ट्रियताका आधारमा त कतै भाषा-संस्कृतिका आधारमा मानिस-मानिसबीचमा गरिएको भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकताको उपयोगले वा बराबरीको अवधारणामा आधारित

औपचारिक समानताको प्रयोगले परिणाममा समानता र सामाजिक न्याय स्थापित हुन नसकेकाले नै सकारात्मक विभेदको अनिवार्यता महसुस भएको हो ।

राजनीतिक, आर्थिक, सामाजिक-साँस्कृतिक वा सार्वजनिक जिवनका अन्य कुनै क्षेत्रमा विगतमा राज्यले अनुशरण गरेको असमानताको नीति तथा व्यवहारको परिणामले वा राज्यको संरचनागत वा कतिपय प्रथागत तथा जातीगत व्यवहार र ढाँचाले पछाडि पारिएको वर्ग, क्षेत्र, लिङ्ग, धर्म, जात-जाती, समुदाय, भाषा-भाषीहरुको मूल प्रवाहीकरण वा उनीहरुको नैसर्गिक तथा जन्मसिद्ध अधिकारहरुको संरक्षण नै कुनैपनि मुलुकमा दिगो शान्ति र न्यायका लागि आधार भएकाले सकारात्मक विभेद सम्बन्धी व्यवस्था आवश्यक परेको हो ।

सारमा भन्ने हो भने कसैलाई विभेद गरेर वा पछाडि पारेर समतामूलक समाजको निर्माण सम्भव छैन । समतामूलक समाज निर्माणका लागि विभिन्न कारणले पछाडि पारिएका सबैलाई राज्यको मूल प्रवाहमा समाहित गरिनु अपरिहार्य छ ।



## ४. नेपलमा सकारात्मक विभेदको अभ्यास:

नेपालमा सकारात्मक विभेदको अवधारणाको अभ्यास प्रारम्भ भएको इतिहास त्यति लामो पाइन्न । नेपालको संवैधानिक विकासक्रमलाई हेर्ने हो भने वैधानिक कानून २००४ देखि वर्तमानको अन्तरिम संविधान २०६३ सम्म आइपुग्दा सात वटा संविधान जारी भएको देखिन्छ । यसरी हालसम्म जारी भएका सात वटा संविधानहरुमध्ये नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(३) मा पहिलो पटक सकारात्मक विभेद सम्बन्धी संवैधानिक व्यवस्थाको शुरुवात भएको पाइन्छ । उक्त संविधानको धारा ११ को उपधारा (३) मा महिला, बालक, बृद्ध तथा पिछडिएको वर्गको संरक्षण र विकासका लागि कानूनद्वारा बिशेष व्यवस्था गर्न सकिने संवैधानिक प्रावधान थियो । तथापी उक्त संविधानको करिब डेढ दशकभन्दा लामो जीवनकालमा उल्लेखित वर्गलाई बिशेष व्यवस्था गर्ने किसिमको कानून बन्न सकेन ।

२०५२ सालपछि सशस्त्र द्वन्द्वको प्रारम्भ भएको पएपछि त्यसको १० बर्ष बितेसँगै मुलुक दिगो शान्ति रुपान्तरणको प्रक्रियामा अघि बढेको छ । २०६२-०६३ को जनआन्दोलनपछि राजनीतिक दलहरुबीचमा वर्गीय, जातीय, धार्मिक, लैंगिक, भाषिक, साँस्कृतिक र भौगोलिक/क्षेत्रीय भेदभावको अन्त्य गर्दै

महिला, दलित, आदिवासि/जनजाति, मधेशी, अल्पसंख्यक समुदाय, पिछडिएको क्षेत्र लगायतका समस्याहरुलाई सम्बोधन गर्न राज्यले वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने कुरामा नीतिगत सहमति भई जारी भएको अन्तरिम संविधान २०६३ मा सकारात्मक विभेद सम्बन्धी कतिपय व्यवस्था गरेको पाइन्छ ।

अन्तरिम संविधान २०६३ को धारा १३ मा समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा कुनैपनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात/जाती, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने, राज्यले नागरिकहरुकाबीच धर्म, वर्ण, जात/जाती, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने उल्लेख छ । तर महिला, दलित, आदिवासि/जनजाति, मधेशी वा किसान, मजदूर वा आर्थिक, सामाजिक, सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनि विशेष



कानून निर्माण गरी उक्त वर्ग, क्षेत्र, लिङ्ग र समुदायको संरक्षण, सशक्तिकरण वा विकास गर्नका लागि संविधानले मार्ग प्रशस्त गरेको छ ।

यसैगरी अन्तरिम संविधान २०६३ को मौलिक हकमा नै दलित समुदायको सशक्तिकरण गरी राज्यको मूल प्रवाहमा ल्याउनका लागि विशेष व्यवस्था गर्ने उल्लेख छ । धारा १८ को रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुने तर महिला, श्रमिक, बृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकहरुलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजि सुरक्षाको हक हुने भनि उल्लेख छ । धारा २१ को सामाजिक न्यायको हक अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासि/जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागि हुने हक हुने कुरा उल्लेख छ । यस्तै धारा २२ को उपधारा (४) मा बालबालिकाको हक अन्तर्गत असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्व पीडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने कुरालाई उल्लेख गरिएको छ ।

### ५. निश्कर्ष:

सामान्यतः सकारात्मक विभेदको अवधारणा त्यति पुरानो होइन । विविध किसिमको भेदभाव भएको समाजलाई समतामूलक समाजको रुपमा अघि बढाउनका लागि यो अवधारणा अघि सारिएको पाइन्छ । राज्यको मूल प्रवाहबाट पाखा पारिएको जातजाति, भाषा, धर्म, लिङ्ग, वर्ण लगायतलाई राज्यको मूल प्रवाहमा समाहित गराउनका लागि यस अवधारणाले जोड दिएको छ । यस्तै सकारात्मक विभदको व्यवहारसधैंका लागि भने रहने कुरा होइन । समाजको विभेदको न्यूनिकरणसँगै यसको पनि न्यूनिकरण हुन्छ भने विभेदको अन्त्यसँगै यो अवधारणाको अभ्यास समेत अन्त्य भएर जान्छ ।

ᢀᢁ



# मानव अधिकार

मानिस एक सामाजिक प्राणी हो । मानिस जन्मदा स्वतन्त्र जन्मन्छ र उसले जीवनभर गर्ने सबै क्रियाकलापहरु स्वतन्त्ररुपमा गर्न पाउनु उसको नैसर्गिक अधिकार हो । यसैले मानव अधिकार भनेको मानिसको जन्मसिद्ध अधिकार हो । मानिस भएर यो धर्तीमा जन्म लिएपछि मृत्युपर्यान्तसम्म उसले जीवन यापनका क्रममा पाउनु पर्ने सबै नैसर्गिक अधिकारहरु मानवअधिकार भित्र पर्दछन् ।

मानिसले जन्मने वित्तिकै सासफेर्छ, रुन्छ, सरसफाइ गरिन्छ, आमाको स्तनपान गराइन्छ, सेकताप गर्ने, खोपलगाउने र सुताउने कार्य गरिन्छ । यसो सम्झिदा यी कार्यहरु सामान्य लाग्दछन् । तर यी कार्य र दायित्वबाट मानवअधिकारको आधारभूत मान्यता र सिद्धान्तहरु तयार हुन्छन् भन्ने कुरा हामीलाई थाहा हुनु पर्दछ । सास किन फेरेको भन्दा बाँच्नका लागि, रुन्छ किन उसको चाहना आवश्यकता व्यक्त गर्न, त्यसै गरी स्वच्छ वातावरण र जीवन यापनका लागि सरसफाइ गरिन्छ भने भोकबाट बच्न स्तनपान, माया स्नेह सद्भावका तथा सुरक्षाका लागि सेकताप र सुताइने क्रियाकलापले बासस्थानको अधिकार सिर्जना मानिस जन्मनासाथ गर्दछ ।

यसरी जीवनको अधिकार, स्वतन्त्रताको अधिकार, स्वच्छजीवनको अधिकार, सामाजिक न्याय र सम्मानको अधिकार, भोकबाट उन्मुक्तिको अधिकार, आवास तथा स्वास्थ्यको अधिकार मानवअधिकारका आधारभूत अधिकार हुन् । यसै गरी नामाकरण, जन्मदर्ता, पास्नी, शिक्षा आर्जन, नागरिकता, मतदान, सभा सम्मेलनमा भाग लिने, बिचारको पक्ष विपक्षमा लाग्न पाउने, संघसंगठन खोल्न, पेसा रोज्न, विवाहगर्ने तथा परिवारको व्यवस्थापन गर्ने, राजकीय निकायमा भाग लिने लगायत जीवनभर र मृत्युपछि उसको संस्कारका आधारमा अन्तिम संस्कारसम्म गर्न पाउने सबै अधिकारहरु मानव अधिकार भित्र पर्दछन् । एक वाक्यमा ***"मानव अधिकार भनेको मानिस जन्मेदेखि मृत्युपर्यन्तसम्म स्वतन्त्र, मर्यादित र सम्मानपूर्वक जीवनयापन गर्न स्वतः प्राप्त गर्ने नैसर्गिक तथा जन्मसिद्ध प्रत्येक अधिकार नै मानव अधिकार हो"*** भनेर परिभाषा गर्न सकिन्छ ।

राष्ट्रिय मानवअधिकार आयोगका अनुसार "मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धि अन्तराष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँदछ ।" भनेर परिभाषा गरिएको छ ।



मानवअधिकारहरु कसैको इच्छा आग्रह वा आदेशमा कटौती गर्न मिल्दैनन् । न त यी अधिकारहरु कुनै राजा महाराजाको आदेशले नत कसैको दान बक्सिस वा आशिर्वादले नै प्राप्त भएका हुन । न त जाती, भाषा, धर्म, वर्ण, लिङ्ग, भूगोल र बसोबासका आधारमा कसैलाई कमबेसी गर्न पनि सकिने बस्तुहरु नै हुन् । मानिसले जत्रोसुकै र जस्तोसुकै गल्ती वा अपराध गरिएपनि ऊ मानिस नै हुन्छ यसबाट अलग गर्न सकिदैन । त्यसैले प्राकृतिकरुपमा मानिस भएको नाताले प्राप्त भएको हुनाले नै यसलाई नैसर्गिक, प्राकृतिक, अहरणीय अधिकारको रुपमा मानवअधिकारलाई लिइन्छ । यसमा बिचार गर्नु पर्ने कुरा आफ्नो अधिकारको उपयोग गर्दा अर्काको अधिकारको सम्मान गर्नुपर्ने दायित्व चाहीं मानवअधिकारको महत्वपूर्ण कर्तव्यभित्र पर्दछ ।

यसै कुरालाई मध्य नजर गर्दै विश्वमा स्थायी शान्तिस्थापना गर्न संयुक्त राष्ट्रसंघले सन् १९४८ को डिसेम्बर १० का दिन मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र जारी गऱ्यो । जसमा माथि उल्लेख गरिएका कुराहरुलाई संयुक्त राष्ट्रसंघले मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा ३० वटा धारामा व्यवस्था गरेको छ । मानिसका जन्मजात र जीवन यापनका लागि आवश्यक अधिकारहरुको प्रत्याभूति नभएमा शान्ति अमन चयन कायम रहन सक्दैन भन्ने अवधारणालाई

प्रस्तावनामा समेटेर तयार गरिएको घोषणा पत्रमा भएका अधिकारहरुका छुट्टाछुट्टै अधिकारहरु सम्बन्धि विस्तृत सन्धि, अभिसन्धिहरु संयुक्त राष्ट्रसंघले जारी गर्दै आयो । यी सन्धिहरुमा व्यवस्था भएका सबै अधिकारहरु मानवअधिकारको अभिन्नपक्ष भित्र पर्दछन् ।

**मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले ३० वटा धाराहरुमा उल्लेख गरेका प्रावधानहरु–**

- धारा १ सबै मानिस जन्मजात स्वतन्त्र हुन्छन । सबैको समान अधिकार हुन्छ ।
- धारा २ जाती, वर्ण, लिङ्ग, भाषा, धर्म, विचार आदिका आधारमा भेदभावबाट गरिनु हुँदैन
- धारा ३ प्रत्येक व्यक्तिलाई बाँच्न पाउने व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको अधिकार छ ।
- धारा ४ कसैले कसैलाई पनि बाधा वा दासदासी बनाउँन पाँइदैन ।
- धारा ५ कुनै पनि व्यक्तिलाई निर्दयी, अमानवीय वा अपमानजनक र बेइज्जतीपूर्ण व्यवहार वा यातना दिन पाँइदैन ।
- धारा ६ कानूनको दृष्टिमा प्रत्येक वयक्ति, व्यक्तिका रुपमा सम्मानित हुन पाँउनु पर्छ ।
- धारा ७ कनूनका अगाडि सबै समान छन् ।



- धारा ८ सक्षम न्यायलयबाट न्याय प्राप्त गर्ने अधिकार । अदालतको ढोका सवैका निम्ती खुल्ला हुन्छ । कसैको पनि मौलिक हक हनन् हुनु हुँदैन ।
- धारा ९ कसैलाई पनि मनोमानी ढंगले, नजरबन्द वा देश निकाला गर्न पाँईदैन ।
- धारा १० फौजदारी अपराध विरुद्ध स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनवाईको हक ।
- धारा ११ छानविनबाट अपराधि प्रमाणित नहुन्जेल निर्दोशिताको अधिकार ।
- धारा १२ गोपनियता तथा आत्म सम्मानको हक सवैलाई हुनुपर्छ ।
- धारा १३ प्रत्येक व्यक्तिलाई आफ्नो देशको सिमानाभित्र स्वतन्त्रतापूर्वक डुलफिर गर्ने वा वसोवास गर्ने, आफ्नो देश वा अरु कुनै पनि देश छोड्ने र आफ्नै देशमा फर्की आउने पूर्ण अधिकार छ ।
- धारा १४ राजनीतिक शरणको हक सवैलाई छ । शरणको मरण गर्न पाँइदैन ।
- धारा १५ प्रत्येक व्यक्तिलाई उसले बसोबास गरि रहेको देशको नागरिकता प्राप्त गर्ने अधिकार छ । कुनै पनि व्यक्तिलाई मनोमानी ढंगले नागरिकताबाट बन्चीत गरिनु हुँदैन
- धारा १६ राजी खुशीले विवाह गर्न तथा परिवार बसाल्न पाईन्छ ।

- धारा १७ प्रत्येक व्यक्तिलाई एक्लै वा अरु सँग मिलेर सम्पति कमाउने र राख्न पाँउने अधिकार छ । कुनै पनि व्यक्तिको सम्पती मनोमानी ढंगबाट राज्य वा सरकारले हरण गर्न वा खोस्न पाँउदैन
- धारा १८ वैचारिक स्वतन्त्रताको हक सवैलाई छ ।
- धारा १९ आफ्नो विचार बालेरे, लेखेर वा छापेर खुलस्त पार्न पाँउने अधिकार सवैलाई छ ।
- धारा २० शान्तीपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार सवैलाई छ ।
- धारा २१ देशको शासन व्यवस्थामा स्वतन्त्र चुनावबाट चुनिएर भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई छ । प्रत्येक व्यक्तिसँग आफ्नो योग्यता अनुसार देशको सरकारी जागीर खान पाँउने हक हुन्छ ।
- धारा २२ सामाजिक सुरक्षाको हक सवैले पाँउनु पर्छ ।
- धारा २३ समान ज्याला, रोजगारी र ट्रेड युनियन स्थापना गर्न वा त्यसमा संगठित हुन पाँउने अधिकार सवैलाई छ ।
- धारा २४ काम र छुट्टिको निश्चित समय तोकिनु पर्छ , प्रत्येक व्यक्तिले वेतन सहितको विदा र आरामको मौका पाँउनु पर्छ ।
- धारा २५ प्रत्येक व्यक्ति र उसको परिवारलाई स्वस्थ्य लगायत सवै सुविधा प्राप्त हुनुपर्छ । यसमा खाना, कपडा, घर तथा औषधोउपचारका सुविधाहरु र आवश्यक सामाजिक सेवाहरु पनि पर्दछ । अर्थात स्तरीय जीवन बाँच्न पाँउने अधिकार सवैलाई छ ।



- धारा २६ शिक्षा पाँउने अधिकार सवैलाई छ ।
- धारा २७ कलाहरुको आनन्द लिने तथा विज्ञानले दिएका सुविधाहरुको भोगचलन गर्ने अधिकार, प्रत्येक व्यक्तिले उसले सृजना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट आउने नैतिक र भौतिक लाभहरुको संरक्षण गर्न पाँउनु पर्छ ।
- धारा २८ यस घोषणाा पत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरु पूर्ण रुपले प्राप्त गर्न प्रत्येक व्यक्तिले सामाजिक र अन्तराष्ट्रिय व्यवस्थाको सहायता लिन पाँउने हक सवैलाई छ ।
- धारा २९ आफ्नो अधिकार र स्वतन्त्रताको प्रयोग गर्दा अरुको अधिकारको पनि ख्याल गर्नु पर्दछ ।
- धारा ३० यो घोषणाा पत्रको अपव्याख्या गर्न पाँईदैन ।

मानवअधिकारको विकासक्रममा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि महासन्धि १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि महासन्धि १९६६ लाई मानवअधिकारका सर्वाधिक महत्वका महासन्धिकाका रुपमा International Bill of Human Rights भनेर स्थापना घोषणा भएको पाइन्छ । यी महासन्धिमा हस्ताक्षर गर्ने प्रत्येक राष्ट्रले निर्वाधरुपमा आफ्ना नागरिकहरुलाई यी अधिकारहरु उपलब्ध गराउनु पर्दछ ।

पछिल्लो अवस्थामा सूचनाको अधिकार र विकासको अधिकारहरु मानवअधिकारको विकासमा आएको पाइन्छ । शुरु-शुरुमा राज्यले गरेको सबै काम जनतालाई भन्नु हुँदैन भन्ने थियो तर आधुनिक विश्वमा राज्यको रक्षाशिक्षा, विचाराधीन मुद्धा, लगायतका राज्य र न्यायलाई असर पार्ने बाहेकका सम्पूर्णकामहरु निर्णयहरु सार्वभौम नागरिकले प्राप्त गर्ने अधिकार राख्दछ भन्ने मान्यता लोककल्याणकारी राज्यको आधारभुत मान्यताभित्र मानिन थालियो । यसले राज्यले गरेका सम्पूर्ण निर्णयहरु जनतालाई सूचित गर्नु पर्दछ र सोको सूचना नागरिकले पाउनु पर्दछ भन्ने अवस्था सिर्जना भएकोले सूचनाको अधिकार मानवअधिकारको अभिन्न पक्षकोरुपमा लिने गरिएको छ ।

## मानवअधिकारको वर्गीकरण-

मानव अधिकारको वर्गिकरण गर्न त्यति सजिलो छैन् । तापनि विषयवस्तु प्रष्ट पार्ने उद्देश्यले सामान्यतया केही विशेषताहरुको आधारमा यसको वर्गीकरण भएको पाइन्छ । संयुक्त राष्ट्र संघको बडापत्रले मानव परिवारका सम्पूर्ण सदस्यहरुमा अन्तरनिहित मर्यादा तथा सम्मान एवं नैसर्गिक अधिकारहरुको मान्यताबाटै विश्वमा स्वतन्त्रता, न्याय र शान्ति कायम हुन्छ भन्ने धारणा लिएको छ । साथै मानव अधिकारको



विश्वव्यापी घोषणाा पत्रले पनि भय तथा अभावबाट स्वतन्त्रता तबमात्र सम्भव छ, जब प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको साथै नागरिक एवं राजनीतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सृजना हुन्छ । यसरी हेर्दा मानव भएका नाताले मानवले प्राप्त गर्ने ती अधिकारहरुलाई हामी आर्थिक अधिकार, राजनीतिक अधिकार, नागरिक अधिकार, साँस्कृतिक अधिकार एवं सामाजिक अधिकार भनी विषयगत रुपमा वर्गीकरण गर्न सक्दछौ ।

### नागरिक अधिकार

- बाँच्न पाउने अधिकार,
- व्यक्तिगत सुरक्षाको अधिकार,
- समानताको अधिकार,
- स्वच्छ न्यायको अधिकार,
- दायताबाट मुक्त हुने अधिकार,
- स्वतन्त्रताबाट जथाभावी वञ्चित नगरिने अधिकार
- यातनाबाट मुक्त हुने अधिकार,
- आफूले चाहेको मत वा सम्प्रदायमा संलग्न हुने पाउने अधिकार आदि ।

## राजनीतिक अधिकार

- चुनावमा उठ्न पाउने तथा मतदान गर्न पाउने अधिकार
- कुनै पनि विचारमाथि आस्था राख्न पाउने अधिकार
- कुनै मतको विरोध गर्न पाउने अधिकार
- बोलेर वा छापेर आफ्नो मतको प्रचार गर्न पाउने अधिकार
- निष्पक्ष र स्वतन्त्र न्यायलयबाट छिटो, छरितो र कम खर्चिलो न्याय पाउने अधिकार
- गोपनीयताको अधिकार
- देशभित्र स्वतन्त्रतापूर्वक घुमफिर वा आवत-जावत गर्न पाउने अधिकार
- संघसंगठन खोल्न पाउने तथा संगठित हुन पाउने अधिकार आदि ।

## आर्थिक अधिकार

- भोकबाट मुक्त हुने अधिकार,
- जीविकोपार्जनका लागि काम गर्न पाउने अधिकार,
- आफ्नो इच्छाको काम छान्न पाउने तथा स्वीकार गर्ने अधिकार,
- काम गर्नका लागि उपयुक्त वातावरणको अधिकार,
- उचित ज्याला पाउने अधिकार,
- दासत्वबाट मुक्तिको अधिकार,
- श्रमिक संगठन खोल्ने तथा संगठित हुन पाउने अधिकार,
- हड्ताल गर्न पाउने अधिकार,
- सम्पत्तिमाथिको अधिकार,
- समान कामका लागि महिला र पुरुषबीच भेदभावविरुद्धको अधिकार ।



## सामाजिक अधिकार

- आत्मनिर्णयको अधिकार
- स्वतन्त्रतापूर्वक आफ्ना क्रियाकलाप अगाडि बढाउन पाउने अधिकार
- उपयुक्त जीवन स्तरमा बाँच्न पाउने अधिकार
- परिवारप्रतिको दायित्वको अधिकार
- शिक्षाआर्जन गर्न पाउने अधिकार
- समाजमा जातीय समानता प्राप्त गर्ने अधिकार
- सुविधा उपभोग गर्न पाउने अधिकार
- व्यक्तित्व विकासको अवसर प्राप्त गर्ने अधिकार
- स्वास्थ्य सुरक्षा आदि पाउने अधिकार
- सामाजिक सुरक्षाको अधिकार
- प्रसूतिसेवा प्राप्त गर्ने अधिकार
- बाँच्नका लागि चाहिने आधार प्राप्त गर्ने अधिकार
- बालकहरुको सुरक्षित हुन पाउने अधिकार
- राष्ट्रिय सम्पतिको उपभोग गर्न पाउने अधिकार
- महिला र पुरुषबीच भेदभाव विरुद्धको अधिकार
- स्वतन्त्र मन्जूरीमा विवाह गर्न पाउने अधिकार आदि ।

## सांस्कृति अधिकार

- आफ्नो सांस्कृति जीवनमा सहभागी हुन पाउने अधिकार
- पत्येक व्यक्ति वा समुदायले आ-आफ्नो परम्परा, रीतिरिवाज, चालचलनअनुसार विभिन्न संस्कार गर्न पाउने अधिकार
- आफ्नो रीतिरिवाज अनुसार व्रतबन्ध, विवाह र काजक्रिया गर्न पाउने अधिकार
- जातीय परम्पराअनुसार भेषभूषा ग्रहण गर्न पाउने अधिकार
- जातीय परम्पराअनुसार आफ्नो संस्कार गर्न पाउने अधिकार
- कलाको आनन्द लिने तथा विज्ञानको क्षेत्रमा भएको प्रगति र यस क्षेत्रबाट भएको फाइदामा सहभागी हुन पाउने अधिकार
- प्रत्येक व्यक्ति र उसले रचना गरेको कुनै वैज्ञानिक, साहित्यिक अथवा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक तथा भौतिक लाभ र सोको संरक्षण गर्न पाउने अधिकार
- आफूलाई मन परेको धर्म मान्न पाउने अधिकार ।



# महिला अधिकार र घरेलु हिंसा (कसूर र सजाय) ऐन-२०६६

**विषय प्रवेश-**

मानव जातिको आत्मसम्मान, व्यक्तित्व विकास र सम्मान रक्षाका लागि १० डिसेम्बर १९४८ मा संयुक्त राष्ट्रसंघबाट मानव अधिकारको विश्वव्यवपी घोषणापत्र जारी भएको थिगयो । मानवको जन्मजात, स्वतन्त्रता, समान अधिकार र समान महत्व हुनुपर्दछ भन्ने उद्देश्यले मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि कुनै पनि जाति, लिङ्ग, भाषा, धर्म, राजनीतिक, सामाजिक, सांस्कृतिक वा आर्थिक आधारमा नारी, पुरुषबीच वा मानिस-मानिसबीच कुनैपनि भेदभाव हुनुहुँदैन भन्ने मुख्य अभिप्रायकासाथ यो घोषणापत्र जारी भएको हो । यस घोषणापत्रले नारी र पुरुषबीच कुनै भेदभाव हुनुहुँदैन भनतापनि महिलाहरुमाथि हुने आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक भेदभावको अन्त्य हुन भने सकेको अवस्था छैन ।

नेपालको सन्दर्भमा २०४६ सालको जनआन्दोलनपछि नेपाल सरकारले नीतिगत रुपमा अन्तराष्ट्रिय अभिसन्धिहरुमा प्रतिबद्धता जनाउँदै आएको भएपनि व्यवहारिक रुपमा पुरानो

सामन्ती आर्थिक संरचना र पितृसत्तात्मक सोंच अझैसम्म पनि विद्यमान छ । यिनको प्रत्यक्ष प्रभाव हामी समाजमा देख्न सक्छौं । आजको २१औं शताब्दीमा पनि बोक्सी भएको आरोपमा दिसा खुवाउने, अपमानजनक शब्द प्रयोग गर्ने, सार्वजनिक रुपमा पिट्ने, समाजबाट बहिस्कृत गर्नेजस्ता सामाजिक दुर्व्यवहारहरुबाट कतिपय महिलाहरु पींडित बनिरहनुपरेको अवस्था छ ।

महिला र पुरुषबीचका भेदभाव रहेसम्म वा पुरुषको समान महिलाहरुको स्थिति नपुगेसम्म शान्ति र प्रगतिको कल्पना गर्न सकिँदैन । महिला विरुद्धको भेदभावले मानव प्रतिष्ठाप्रतिको सम्मान र समान अधिकारको सिद्धान्तको उल्लंघन गर्दछ । देशको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक विकासमा समेत व्यवधान उत्पन्न हुन जान्छ । यसै सन्दर्भमा, संयुक्त राष्ट्र संघले सन् १९७९ डिसेम्बर १८ मा महिला उपर हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न अभिसन्धि निर्माण गरेको छ, जसलाई महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन बिषयक अभिसन्धि (CEDAW) १९७९ भनिन्छ ।

सबै अधिकारहरु महिलाहरुले पाउनुपर्दछ भनेर कागजी रुपमा लेखिएको अवस्था हुँदापनि हाम्रो समाजको धारणा, मानिसको सोंचाई र नीति निर्माण गर्ने तहमा हुनेहरुको



पितृसत्तात्मक मानसिकताको कारणले गर्दा महिलाहरुले कानूनी हक अधिकारहरु प्राप्त गर्न सकिरहेका छैनन् । हाम्रो देशमा महिलाहरुले उचित शिक्षा नपाउनु, छोरीलाई पढाएर काम छैन भन्ने मानसिकता व्याप्त हुनु, महिलाले उचित स्वास्थ्य सेवा नपाउनु, गर्भवती र सुत्केरी अवस्थामा स्वास्थ्योपचार नपाएर आमा र बच्चाको मृत्यु हुनु, महिलाहरुको आर्थिक अधिकार नहुनु, विभिन्न किसिमका चालचलनको नाममा महिलाहरु शोषित र हिंसाको शिकार हुनु तथा सामाजिक रुपमा महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरिनुजस्ता उदाहरणहरुले महिलाको मानवअधिकारको स्थिति दयनीय रहेको कुरालाई प्रष्ट पार्दछ ।

### नेपाली महिलाहरुको अवस्था-

महिलाहरुले घरभित्र गर्ने कामलाई आर्थिक दृष्टिकोणले महत्व नदिएको र उक्त कुराको आर्थिक मूल्याङ्कन नहुनाले महिलाले गरेका अधिकांश कामको आर्थिक मूल्य नै छैन । जसले गर्दा महिलाहरु कतिपय सन्दर्भमा आर्थिक हिसाबले परनिर्भर बन्नुपर्ने बाध्यता समेत रहेको अवस्था छ । घरेलु काममा महिलाको सहभागिता पुरुषको तुलनामा दोब्बर रहेको छ तरपनि उनीहरु आर्थिक अधिकारबाट बञ्चित रहनुपरिरहेको छ । यस्तै महिला र पुरुषलाई ज्यालाको सन्दर्भमा गरिने विभेद पनि

विद्यमान छ । उही काममा पुरुषलाई जति ज्याला प्रदान गरिन्छ, महिलालाई त्योभन्दा कम मात्र प्रदान गरिन्छ ।

नेपालको सामाजिक वनावट पितृसत्तात्मक, अर्धसामन्ती र अर्ध-औपनिवेशिक छ । सामाजिक व्यवहारहरु लैंगिक भेदभावपूर्ण छन् । महिलाहरु रुढीवादी, देउकी, वादी, झुमाजस्ता प्रथाहरुबाट प्रताडित रहेका छन् । समाजमा दाईजो, बालबिवाह, बोक्सी जस्ता नराम्रा प्रथा, परम्पराहरु कायम छन् भने विभिन्न बहानामा माहिलाहरुमाथि हिंसा गर्ने प्रचलनमा कमी आएको अवस्था भने छैन ।

महिला अधिकारको सवाललाई राजनीतिक रुपबाट बिश्लेषण गर्दा अहिले धेरै सकारात्मक उपलब्धीहरु हासिल भएका छन् । वि.सं. २०६२/०६३ सालको जनआन्दोलनको सम्पन्नतापछि पुनर्स्थापित प्रतिनिधिसभाले राज्यका सबै संरचनामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने घोषणा गरेको थियो । सोही घोषणा बमोजिम राजनीतिक दल लगायत विभिन्न वर्ग, क्षेत्र तथा जातजातिको प्रतिनिधित्व गर्दै ३३ प्रतिशत (एक सय ९७ जना) महिलाहरुले विगठित संविधानसभामा प्रतिनित्व गरेका थिए ।

"सबैका लागि समान र गुणस्तरीय शिक्षा" भन्ने अभियानमा नेपालले सन् १९९५ मा कोपनहेगनमा सहमति



जनाएर आएको थियो । नीतिगत रुपमा सबैका लागि सर्वसुलभ र गुणस्तरीय शिक्षाको वनचबद्धता दर्शाइए पनि व्यवहारमा केवल साक्षरताको अवस्था हेर्ने हो भने ७० प्रतिशतभन्दा कम रहेको छ । विद्यालय भर्नादरमा समेत बालक र बालिकाको संख्यामा धेरै अन्तर रहेको छ । त्यसमा पनि प्राथमिक तह नसकिँदै विद्यालय छाड्नेमा बालिकाहरुको दर बढी रहेको छ ।

सामान्यतः महिलाको स्वास्थ्यलाई बच्चाको स्वास्थ्यका लागि भनेर हेर्ने गरेको मान्यता रहेको छ । महिलाको पूर्ण स्वास्थ्यको अवधारणा राखिएको छैन । परिवार नियोजनका साधनहरु प्रयोग गर्दा महिलाको शरिरमा पर्ने असरलाई खासै ख्याल गर्ने गरेको पाईंदैन । यसरी हेर्दा शिशु मृत्युदर बालकको प्रतिहजार ९४ हुँदा बालिकाको एक सय एक रहेको छ । यस्तै कामको बोझ लगायतका कारणले गर्दा महिलाहरुको स्वास्थ्यको अवस्था तुलनात्मक रुपमा कमजोर हुने गरेको पाइन्छ ।

**महिला अधिकारको क्षेत्रमा भएका अन्तराष्ट्रिय प्रयासहरु-**

महिला मुक्ति र अधिकार प्राप्तिको सवालमा अन्तर्राष्ट्रियस्तरमा धेरै पहल भएका छन् । यसै क्रममा संयुक्त राष्टसंघले सन् १९७५ लाई अन्तर्राष्ट्रिय महिला वर्षका रुपमा मनाएको थियो । संयुक्त राष्ट्रसंघले १८ डिसेम्बर १९७९ मा

***"महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन बिषयक अभिसन्धि-१९७९"*** पारित गऱ्यो । यस अभिसन्धिमा नेपाल सरकारले सन् १९९१ अप्रिल २२ मा प्रतिबद्धता जनाउँदै हस्ताक्षर गऱ्यो । यसमा भएका महत्वपूर्ण व्यवस्थाहरु यसप्रकार छन्-

- संरचनात्मक भेदभावहरुलाई निर्मूल गर्न संवैधानिक र कानूनी व्यवस्था गर्ने ।
- राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक क्षेत्रहरुमा समान अधिकार तथा स्वतन्त्रताका लागि वैधानिक तथा अन्य कदमहरु लाल्ने ।
- छिटो समानता प्राप्त गरुन भन्ने अभिप्रायले महिलाको लागि बिशेष व्यवस्था गर्नुपर्ने ।
- मातृत्व र बालबालिका सम्बन्धी पारिवारिक शिक्षाको व्यवस्था गर्ने ।
- महिला किनबेच र वेश्यावृत्ती रोक्न वैधानिक कदम चाल्ने ।
- महिला उपर राजनीतिक र सार्वजनीक जीवनमा हुने भेदभाव निर्मूल गर्न आवश्यक उपाय अमनाउने ।
- सरकारले महिलालाई अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरुमा विना भेदभाव पुरुषसरह संलग्न गराउने ।
- महिला स्वयम् तथा सन्तानको राष्ट्रियताको सम्बन्धमा समान अधिकार उपलब्ध गराउने ।
- शिक्षामा समान अवसर प्रदान गर्ने ।
- रोजगारीको समान अवसर तथा सुत्केरी विदाको व्यवस्था गर्ने ।



- महिलाहरुलाई गर्भवती भएको बेला र परिवार नियोजनसँग सम्बन्धित अवस्थामा निश्चितरुपले निःशुल्क सहयोग गर्ने ।
- कानुनी रुपमा समान अधिकार दिलाउने ।
- विवाह र पारिवारिक सम्बन्धमा बारेमा महिलाउपर हुने सम्पूर्ण भेदभाव निर्मूल गर्न कानुनी व्यवस्था मिलाउने ।
- महिलाहरुको राजनीतिक अधिकार बिषयक अभिसन्धिको मुख्य बिषयहरु (सन् १९५२ डिसेम्बर २० मा) पारित ।

## महिला अधिकारको क्षेत्रमा भएका राष्ट्रिय प्रयासहरु-

### *नेपालको अन्तरिम संविधान-२०६३:*

समानताको हक अन्तर्गत नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने कुरा उल्लेख गरेको छ । उक्त धाराको उपधाराहरुमा सामान्य कानुनको प्रयोगमा र राज्यले नागरिकहरुकाबीचमा लिङ्गका आधारमा भेदभाव नगर्ने कुरा उल्लेख गरिएको छ भने प्रतिबन्धात्मक वाक्यांशमा महिलाका सशक्तिकरण र विकासका लागि कानुनद्वारा बिशेष व्यवस्था गर्न सकिने उल्लेख छ । त्यस्तै समान कामका लागि महिला र पुरुषकाबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने कुरा पनि समानताको हक अन्तर्गत उल्लेख छ । यसैगरी रोजगारी तथा सामाजिक

सुरक्षासम्बन्धी हक अन्तर्गत धारा १८ को उपधारा २ मा महिलालाई कानुनमा व्यवस्था भएवमोजिम सामाजिक सुरक्षाको हक हुने कुरा उल्लेख छ ।

अन्तरिम संवधानको धारा २० मा महिलाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । नेपालको संवैधानिक इतिहासमा नै पहिलो पटक संविधानमा महिलाको हक भनेर छुट्टै अधिकारको व्यवस्था गरिउको छ । धारा २० मा महिला भएकै कारणबाट कुनैपनि किसिमको भेदभाव नगरिने उल्लेख छ । यसबाहेक पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने कुराको संवैधानिक व्यवस्था अन्तरिम संविधानमा गरिएको अवस्था छ । यस्तै उपधारा २ मा प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने कुरा उल्लेख गरिएको छ । उपधारा ३ ले कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरवेको छ । उपधारा ४ मा पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने कुरा उल्लेख छ ।



***मुलुकी ऐनको संसोधनः***

मुलुकी ऐन २०२० मा रहेका महिलाहरुलाई भेदभाव गर्ने किसिमका प्रावधानहरुलाई खारेज गर्दै धेरै संसोधनहरु पनि भएका छन् । पछिल्लो पटक संशोधित मुलुकी ऐनमा भएका महिला अधिकार सम्बन्धी व्यवस्थाहरु यसप्रकार रहेका छन्-

- छोरीलाई अंशियारको रुपमा स्वीकारेको ।
- विधवा महिलालाई अंशमा पूर्ण अधिकार ।
- लोग्नेको सम्पत्तिमा श्रीमतिलाई अंशको हक ।
- छोरीलाई पनि पालन, पोषणसम्बन्धी अधिकार ।
- सम्बन्ध बिच्छेदको समयमा महिलालाई अंशको हक ।
- लोग्ने भएकी महिलाले छोराछोरी नभए धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने ।
- अविवाहिता छोरीले पनि छोरा सरह अपुताली पाउने ।
- महिलाले स्वेच्छाले १२ हप्तासम्मको गर्भपतन गर्न सक्ने ।
- लिङ्गको आधारमा गर्भपतन गर्न नहुने ।
- बिशेष परिस्थितिमा जहिलसुकै गर्भपतन गर्न सकिने ।
- जबरजस्ती करणीमा सजाय बृद्धि ।
- बालविवाह र बहुविवाहमा सजाय बृद्धि ।
- परस्त्री/परपुरुष करणीमा सम्बन्धविच्छेदको अधिकार ।
- महिला र पुरुषको विवाह उमेरमा समानता कायम गरियो ।

महिला अधिकार प्रत्याभूतिका साथै लैंगिक समानता कायम गर्नका लागि मुलुकी ऐनमा गरिएको संसोधनलाई महत्वपूण कदमका रुपमा लिनुपर्दछ । तर यसभित्र पनि कतिपय सुधार गर्नुपर्ने पक्षहरु रहेकाले २०६३ सालमा “लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्ने ऐन-२०६३” ले लैंगिक समानता कायम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । महिलाहरु बढी मात्रामा घरेलु हिंसाबाट प्रताडि बनीरहनुपरेका अवस्था विद्यमान छ । यसले महिलामाथि हुने हिंसालाई न्यूनीकरण गर्नका लागि भूमिका निर्वाह गरेको अवस्था छ ।

### महिला माथि हुने हिंसा र कारण-

लिङ्गका आधारमा महिला भएकै कारणले महिलामाथि हुने कुनैपनि हिंसाजन्य कार्य वा व्यवहार नै महिलामाथि हुने हिंसा हो । यस्तो हिंसा श्रीमान-श्रीमती, सासु-बुहारी, आमा-बाबु, दाजु-भाई, दिदी-बहिनी, नन्द-आमाजु, काका-भतिजा, भतिजी जोसुकैबाट/बीच पनि हुन सक्दछ । लिङ्गको आधारमा महिलामाथि हुने हिंसा विश्वव्यापी समस्याको रुपमा रहेको छ । महिलामाथि हुने सिंसा कुनै पनि समुदाय, वर्ग, जातजाति, धर्म, शिक्षित-अशिक्षित, रोजगार-बेरोजगार सबैमा रहेको पाइन्छ । घरेलु हिंसाले महिलालाई अल्पकालिन तथा दीर्घकालिन दुवै



प्रकारका असर पारेको पाइन्छ । घरेलु हिंसाबाट पीडित महिला शारिरीक, मानसिक, आर्थिक, यौनजन्य हिंसा तथा प्रजनन् जस्ता समस्याहरुबाट पींडित हुने गर्दछन् ।

नेपाल महिला हिंसाको समस्या अत्यन्तै बढी रुपमा रहेको छ । महिलामाथिको हिंसालाई अरु कसैको घरयासी समस्या वा व्यक्तिगत समस्या हो भनेर हामी महत्व दिँदैनौं वा सहयोगका लागि अघि सर्दैनौं तर यस्ता वेवास्ताका कारणले गर्दा दिन-प्रतिदिन यस्ता हिंसा सहने महिलाको मानव भएर उपभोग गर्ने मानव अधिकार र स्वतन्त्रता गम्भिर रुपमा उल्लंघन भइरहेको छ । जसको प्रत्यक्ष असर राष्ट्रको विकासमा समेत पर्दछ । महिलामाथि हुने घरेलु हिंसाका मुख्य कारणहरु निम्नानुसार रहेका छन्-

- महिला र पुरुषमाथिको असमानता
- भेदभावपूर्ण कानूनहरु
- महिला र पुरुषबीचको शक्ति असमानता
- अशिक्षा
- ज्ञान र चेतनाको कमी
- गरिबी
- स्वास्थ्य सम्बन्धी समस्या
- आर्थिक रुपमा पुरुष र परिवारप्रति निर्भर

- पितृसत्तात्मक सोंच
- रुढीवादी प्रथा एवम् परम्पराहरु
- यौनजन्य कुराहरु आदि ।

**घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६-**

घरेलु हिंसाबाट सामान्यतः महिलाहरु नै अधिकांश रुपमा पीडित हुने गर्दछन् । नेपालको कानूनले घरेलु हिंसालाई दण्डनीय मानेर यस्तो हिंसा गर्नेलाई दण्ड सजायको व्यवस्था गरेको छ । यस कानूनको नाम "घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६" हो । यो ऐन २०६६ बैशाख १४ गते पारित भई लागू भइसकेको छ, भने कसूर र नियमावली २०६७ समेत लागू भइसकेको छ ।

यस ऐनले घरेलु सम्बन्धभित्र वंशज, विवाहपछि भएको सम्बन्ध, धर्म सन्तानको कारण भएको सम्बन्ध, संयुक्त परिवारमा बस्ने सदस्यहरु, धरमा कामदारको रुपमा एकै परिवारमा बस्ने जोकोही व्यक्तिहरु बीच भएको वा हुन सक्ने सम्बन्धहरु भनी परिभाषित गरेको छ । ऐनले तल उल्लेखित चार किसिमका हिंसा गरेमा त्यसलाई दण्ड सजाय हुने व्यवस्था गरेको छ ।

क) शारिरीक हिंसाः अंगभंग ठहर्ने, कुटपिट गर्ने, शारिरीक चोट पटक पुऱ्याउने, थुनामा राख्ने वा शारिरीक चोट पुग्न सक्ने भन्ने जानी जानी त्यस्तै अन्य कुनै काम गर्ने, गराउने कार्य महिलामाथि हुने शारिरीक हिंसा हो ।



ख) मानसिक हिंसाः महिलालाई डर, धाक देखाउने, धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुटा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने, गराउने कार्य साथै अरु मानिसको अघि बेइज्जत गर्ने, अनावश्यक शंका गर्ने, सार्वजनिक कार्यमा सहभागि हुन नदिनेजस्ता कार्यहरु महिलामाथि हुने मानसिक हिंसा हुन् ।

ग) यौनजन्य हिंसाः महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनैपनि कार्यका साथै वैवाहिक बलत्कार, विरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल कुरा देखाएर यौन कार्यका लागि बाध्य पार्नु जस्ता कार्यहरु महिलामाथि हुने यौनजन्य हिंसाका उदाहरणहरु हुन् ।

घ) आर्थिक हिंसाः महिलालाई संगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागि हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमति नुलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुँच नहुनुजस्ता कार्यहरु महिलामाथि हुने आर्थिक हिंसा हुन् ।

यदि घरेलुल हिंसाका घटना भएको खण्डमा उजुरी गर्ने निकायको रुपमा ऐनले प्रहरी कार्यालय, स्थानीय निकाय (

गाविस/नगरपालिका/वडा कार्यालय), राष्ट्रिय महिला आयोग र अदालतलाई व्यवस्था गरेको छ । यहाँ उल्लेखित निकायहरुमा पींडित आफैंले उजुरी गर्न सक्नेछ । यस्तो उजुरी घरेलु हिंसा कसुर भए, गरेको मितिले ९० दिनभित्रमा सम्बन्धित निकायमा दिनुपर्दछ ।

सम्बन्धित निकायमा उजुरी परेपछि गाविस वा नगरपालिका वा प्रहरी कार्यालयले दुवै पक्षको मञ्जुरीमा उजुरी परेको ३० दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइनुपर्दछ । यदि मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकायले उजुरी गर्ने व्यक्तिको सहमतिले मेलमिलाप गर्ने म्याद (३० दिन) सकिएको मितिले १५ दिनभित्रमा उजुरी र प्रमाण कागजसहित जिल्ला अदालतमा पठाइदिनु पर्दछ ।

दण्ड सजायको हकमा कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैंयाँदेखि २५ हजार रुपैंयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ । घरेलु हिंसाको कसुरमा पहिले सजाय पाएको र पुनः सोही कसुर गरेको हकमा पटकै पिच्छे दोब्बर सजाय हुन्छ । यस्तै सार्वजनिक पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन वमोजिमको कसुर गरेमा नीजलाई



यस ऐनमा व्यवस्था गरिएको दण्ड सजायमा थप १० प्रतिशत सजाय हुनेछ ।

**निश्कर्ष-**

समाजमा विभिन्न हिसाबले पछाडि पारिएको महिलाहरुको हक, अधिकारको सन्दर्भमा थुप्रै उपलब्धीहरु हासिल भएका भएपनि यो नै पर्याप्त भने होइन । कानूनी रुपमा प्राप्त हक, अधिकार समेत सही ढंगले कार्यान्वयन हुन सकिरहेको अवस्था छैन । त्यसको लागि सही रुपमा खबरदारी गर्नुपर्ने अवस्था छ । यस्तै अझैं लैंगिक रुपमा कतिपय असमानताहरु व्याप्त छन् । तिनको अन्त्यका लागि सकारात्मक खबरदारी अपरिहार्य छ । लैंगिक हिंसाको अन्त्यको अभियानमा सबै लागि परौं ।

# अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धी-१६९
# र
# आदिवासी जनजातिको अधिकार

## विषय प्रवेश-

संसारको इतिहासलाई नियाल्ने हो भने सन् १९१४ देखि १९१८ सम्म प्रथम विश्वयुद्ध चल्यो । प्रथम विश्वयुद्धको त्रासदीपछि विभिन्न मुलुकका नेताहरुले सन् १९१९ मा Leage of Nation को स्थापना गरे । यसका साथै युद्धको मानसिकतालाई सँधैका लागि अन्त्य गर्नका लागि अन्य धेरै कार्यहरु गर्नुपर्ने सोंचले विभिन्न संस्थाहरु जन्मिए । खासगरी विश्व मानवीय जीवनको स्तरमा सुधार ल्याउनुपर्ने, सामाजिक न्यायको माध्यमबाट दिगो शान्ति स्थापना गर्नुपर्ने सोंचको बलियोसँग विकास हुन पुग्यो ।

यसै सन्दर्भमा, सन् १९१९ मा अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization) को स्थापना हुन पुग्यो । यसरी स्थापनाको दृष्टिले हेर्ने हो भने अन्तर्राष्ट्रिय श्रम



संगठन संयुक्त राष्ट्रसंघ भन्दा जेठो संस्था हो । यसलाई संक्षिप्तमा ILO पनि भनिन्छ ।

## अन्तराष्ट्रिय श्रम संगठनको परिचय-

अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापनापछि यो संगठन विश्वव्यापी रुपमा दिगो शान्ति सामाजिक न्यायबाट मात्रै स्थापना गर्न सकिन्छ र गरिबी विश्वका जुनसुकै मुलुकहरुमा भएपनि त्यो सबै मानव समुदायको सम्बृद्धिको लागि खतरा हुन्छ भन्न मान्यताकासाथ विभिन्न मुलुक तथा समुदायहरुलाई सहयोग गर्न क्रियाशील रहेको छ । यसले मुख्य गरी मापदण्ड (अन्तर्राष्ट्रिय कानून) बनाएर तथा प्राविधिक तवरले गरी मुख्य दुई प्रकारको सहयोग उपलब्ध गराउने गर्दछ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको संरचनागत पाटोलाई हेर्ने हो भने यसमा मुख्य तीन पक्षको सहभागिता रहेको हुन्छ । जसमा सरकार, रोजगारदाता र श्रमिकहरुको प्रतिनिधिहरु रहेका हुन्छन् । अन्तर्राष्ट्रिय श्रम संगठनका तीन वटा अंगहरु रहेका छन् ।

क) अन्तराष्ट्रिय श्रम सम्मेलन: अन्तर्राष्ट्रिय श्रम सम्मेलनले महत्वपूर्ण सामाजिक तथा श्रमिक सम्बन्धी सवालहरुका बारेमा बहस तथा छलफल गर्न मञ्च प्रदान गर्ने गर्दछ ।

यसले नयाँ कानूनहरु समेत बनाउने गर्दछ । यो संगठनमा एक सय ७५ राष्ट्रहरु सदस्य रहेका छन् । प्रत्येक सदस्य राष्ट्रबाट श्रम संगठनमा चार जना प्रतिनिधिहरुले भाग लिन्छन् । यिनीहरु मध्ये दुई जना सरकारी प्रतिनिधि र एक/एक जना श्रमिक तथा रोजगारदाता संगठनबाट प्रतिनिधित्व गर्दछन् ।

ख) सञ्चालक समितिः अन्तर्राष्ट्रिय श्रम संगठनको कार्यक्रम तथा बजेट सञ्चालन समितिले निर्माण गर्दछ । त्यसलाई सम्मेलनले पारित गर्दछ । सञ्चालक समितिले सम्मेलनको विषयवस्तु निर्धारण गर्दछ । पाँच बर्षे अवधिको लागि अन्तर्राष्ट्रिय श्रम संगठनले महानिर्देशक तथा प्रमुख कार्यकारी अधिकृत चयन गर्दछ । यसका साथै दैनिक काम कार्वाहीको सुपरिवेक्षण गर्दछ । सञ्चालक समितिमा २८ जना सरकारी प्रतिनिधि, १४ जना रोजगारदाता र १४ जना श्रमिकको प्रतिनिधि गरी जम्मा ५६ जना सदस्यहरु रहेका हुन्छन् ।

ग) अन्तर्राष्ट्रिय श्रम कार्यालयः अन्तर्राष्ट्रिय श्रम कार्यालय ILO को काम सञ्चालन गर्ने प्रमुख निकायको रुपमा रहेको छ । स्थायी सचिवालय र अनुसन्धान तथा अभिलेख केन्द्रको



रुपमा समेत अन्तर्राष्ट्रिय श्रम कार्यालय रहेको छ । यसको प्रमुख कार्यालय स्वीचरल्याण्डको जेनेभामा रहेको छ भने ५८ वटा क्षेत्रीय तथा राष्ट्रिय कार्यालयहरु रहेका छन् ।

## ILO र आदिवासी जनजाति-

अन्तर्राष्ट्रिय श्रम संगठनले आफ्नो मान्यता अनुसार काम गर्ने क्रममा मजदुरहरुसँग क्रियाशील हुँदा मुख्य रुपमा श्रमिकहरु राज्यद्वारा हेपिएका, हक अधिकार खोसिएका समुदायका मानिसहरु नै रहेको पाइएकालले त्यही समुदायहरुमा आदिवासि जनजातिहरु पनि पर्ने भएकाले आदिवासि जनजातिसँग सम्बन्धित बिषयमा केन्द्रीत रहेर विभिन्न क्रियाकलापहरु गरेको देखिन्छ । यसै क्रमममा सन् १९२० देखि १९३० सम्मको दशकमा ग्रामिण श्रमिकहरुको सवालमा काम गर्दै जबरजस्ति श्रम प्रतिबन्ध गर्ने सम्बन्धी महासन्धि नं. २९ पारित गरेको थियो ।

सन् १९५७ मा अन्तर्राष्ट्रिय श्रम संगठनबाट आदिवासि जनजातिहरुसँग सम्बन्धित महासन्धि नं. १०७ पारित भएको थियो । उक्त महासन्धिले आदिवासि जनजातिहरुलाई पिछडिएको अस्थायी जाति र कालान्तरमा राष्ट्रिय मूलधारमा सम्मिलित हुने विलयकारी जातिको रुपमा व्यवहार गरेकाले उक्त महासन्धि

असफल हुन पुग्यो । यसैको जगमा आदिवासि जनजाति सम्बन्धी छुट्टै मापदण्ड निर्धारण गरेर अधिकार प्रदान गर्ने सन्दर्भमा जुन ७, १९८९ मा आदिवासि जनजाति सम्बन्धी महासन्धि नं. १६९ पारित भएको हो । यो महासन्धिमा नेपाल लगायतका २० वटा मुलुकहरुले हस्ताक्षर गरिसकेका छन् ।

यो महासन्धिलाई नेपाल सरकारले वि.सं. २०६४ साल भदौ ५ गते अनुमोदन गरिसकेको छ । अनुमोदनपछि सरकारले अन्तर्राष्ट्रिय श्रम संगठनलाई पत्रचार गरेर आफूले अनुमोदन गरेको जानकारी दिनुपर्ने व्यवस्था छ । उक्त जानकारी औपचारिक रुपमा दर्ता भएको एक बर्षपछि सदस्य राष्ट्रमा महासन्धि क्रियाशील हुन्छ । नेपालको सन्दर्भमा उक्त महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठन कार्यालयमा वि.सं. २०६४ साल भदौ २९ गते औपचारिक रुपमा दर्ता भएकोले वि.सं. २०६५ साल भदौ २९ गतेदेखि ILO-169 नेपालमा कानुन सरह लागु भएको छ ।

## *ILO-169* ***अनुसार आदिवासि जनजातिको विशेषताहरु-***

### ***आदिवासी:***

- परम्परागत जीवन पद्धति भएका ।



- जीवनयापनका तौर तरिकाहरुमा उनीहरुको भाषा, प्रथा-परम्परा आदिमा राष्ट्रको अन्य समुदायहरुभन्दा भिन्नै समुदायहरु भन्दा भिन्नै संस्कृति तथा पद्धति भएका ।
- आफ्नै सामाजिक संगठनहरु भएका ।
- कुनै बिशेष क्षेत्रमा ऐतिहासिक रुपले निरन्तर बसोबास गरिरहेको वा अरु समूहहरुले त्यस ठाउँमा अतिक्रमण गर्नुभन्दा वा त्यस ठाउँमा आउनुभन्दा अघिदेखि बसोबास गरिरहेको ।
- आफ्नै प्रथा परम्पराबाट पूर्ण वा आंशिक रुपमा शासित भएको ।

### ***जनजाति:***

- परम्परागत जीवन पद्धति भएका ।
- जीवनयापनका तौर तरिकाहरुमा उनीहरुको भाषा, प्रथा-परम्परा आदिमा राष्ट्रको अन्य समुदायहरुभन्दा भिन्नै समुदायहरु भन्दा भिन्नै संस्कृति तथा पद्धति भएका ।
- आफ्नै सामाजिक संगठनहरु भएका ।
- आफ्नै प्रथा परम्पराबाट पूर्ण वा आंशिक रुपमा शासित भएको ।

## ILO-169 ले आदिवासी जनजातिलाई दिएको अधिकार र प्रकृति-

क) स्व-पहिचानः आदिवासि जनजातिहरुलाई महासन्धिले तोकेको प्रावधान अनुकूल कुनै व्यक्ति वा समूह भएमा एवम् ती आदिवासि जनजातिहरुले कुनै व्यक्तिलाई स्वपहिचानको आधारमा आफ्नो समूहको सदस्यको रुपमा स्वीकार गरेमा वा मान्यता दिएमा यो प्रावधान लागू हुनेछ ।

ख) आत्म निर्णयको अधिकारः यस महासन्धिले आदिवासि जनजातिलाई सामाजिक, आर्थिक र सांस्कृतिक सन्दर्भमा आफूले आफ्नो सरोकारको बिषयमा आफैंले निर्णय गर्न पाउने आत्म निर्णयको अधिकार प्रदान गरेको छ ।

ग) स्व-व्यवस्थापनः आदिवासि जनजातिलाई आफ्नो जीवनमाथि नियन्त्रण राख्न तथा आफ्नो भविष्यको बरेमा निर्णय गर्ने, आफ्नो पहिचान भाषा, धर्मलाई निरन्तरता दिँदै आफ्नो विकासको लागि आफैंले व्यवस्थापन गर्न पाउने अधिकार यो महासन्धिले प्रदान गरेको छ ।

घ) जिम्मेवारीः आदिवासि जनजातिहरुको सहभागितामा ती समूहहरुको अधिकारको संरक्षण गर्न तथा उनीहरुको अखण्डताको सम्मान गर्दै सुनिश्चित गर्न समन्वकारी तथा योजनाबद्ध गतिविधिहरुको निर्माण गरी आदिवासि



जनजातिहरुको समग्र विकास गर्ने जिम्मेवारी सरकारको हुनेछ ।

ङ) आदिवासि जनजातिहरु र उनीहरुको संस्थाहरु, सम्पत्ति, रोजगारी, संस्कृति तथा वातावरणको संरक्षणको लागि उपयुक्त र विशेष उपायहरु अपनाइने छ । ती विशेष उपायहरु अपनाउँदा सम्बन्धित समुदायहरुको स्वतन्त्रपूर्वक व्यक्त इच्छा विपरित हुनेछैन भन्ने व्यवस्था गरिएको छ ।

च) परामर्शः ILO-169 ले आदिवासि जनजातिलाई दिएको अधिकारमध्ये परामर्श सम्बन्धि अधिकार महत्वपूवर्ण र आधारभूत अधिकार हो । आदिवासि जनजातिहरुको जीवनमा प्रत्यक्ष असर पार्ने र पार्न सक्ने कानुनी, प्रशासनिक क्रियाकलाप वा विकाससँग सम्बन्धित क्रियाकलापहरु गर्दा आदिवासि जनजातिहरुको प्रतिनिधिमूलक संस्थाबाट परामर्श लिनुपर्दछ । स्वतन्त्र, पूर्व, सु-सूचित सहमतिको आधारमा मात्रै कुनैपनि क्रियाकलापहरु गरिनु पर्दछ भन्ने मान्यताको आधारमा परामर्श गरिनुपर्दछ ।

छ) सहभागिताः आदिवासि जनजातिलाई यो महासन्धिले दिएको अधिकारहरुमध्ये सहभागिताको अधिकार पनि एक हो । आदिवासि जनाजतिलाई सहभागी नगराइकन उनीहरुलाई प्रत्यक्ष असर पर्ने विकास निर्माणसँग सम्बन्धित कुनैपनि

क्रियाकलाप गरिनु हुँदैन । यस्तै सहभागिता नाम मात्रको हुनुहुँदैन । कुनैपनि विकास निर्माणको शुरुदेखि अन्त्यसम्म र प्रतिफलको हिस्सेदारीमा समेत आदिवासि जनजातिहरुको सहभागिता हुनुपर्दछ ।

ज) प्रथा, परम्परा तथा प्रथाजनित कानुनः आदिवासि जनजातिका प्रथा, परम्परालाई मान्यता दिनुपर्दछ । तिनीहरुको प्रथाजनित कानुनलाई राष्ट्रिय कानुनी परिधि र अन्तर्राष्ट्रिय मान अधिकार सम्बन्धि कानूनको परिधिभित्र रहेर चल्न दिनुपर्दछ ।

झ) भूमि तथा प्राकृतिक स्रोत साधन सम्बन्धि अधिकारः आदिवासि जनजातिहरु प्रकृतिसँग धेरै नजिक हुने भएकाले उनीहरुले ओगटेको, उपभोग गरेको भूमि, त्यस क्षेत्रको वातावरणसँग उनीहरुको प्रत्यक्ष सरोकार रहने भएकोले उनीहरुलाई भूमि तथा प्राकृतिक स्रोत, साधनहरुको अधिकार सुनिश्चित गरिएको छ । उनीहरुको भूमि, प्राकृतिक स्रोत, साधनहरुको उपयोग गर्नुपर्दा परामर्श गरी उनीहरुकै सहभागिता र साझेदारीमा गरिनुपर्दछ ।

ञ) पराम्परागत अर्थतन्त्रः आदिवासि जनजातिहरुको परम्परागत अर्थतन्त्रका आधारहरुलाई मान्यता दिनुपर्दछ । उनीहरुको संस्कृति तथा आर्थिक स्वावलम्बन तथा विकासलाई निरन्तरता दिनुपर्दछ ।



ट) विस्थापन तथा पुर्नस्थापनाः आदिवासि जनजातिहरुलाई उनीहरुको आफ्नो भूमिबाट विस्थापन गरिनु हुँदैन भन्ने मान्यता यो महासन्धिले राख्दछ । यदि गर्नैपर्ने स्थिति भएमा उनीहरुको भूमिको स्तर तथा वातावरण समेत मिल्ने ठाउँमा उनीहरुलाई सारिनु पर्दछ । यस्तै विस्थापनको प्रयोजन समाप्त भएलगत्तै सम्भव भएसम्म पहिलेकै स्थानमा पुर्नस्थापित गरिनु पर्दछ ।

ठ) रोजगारीः आदिवासि जनजातिहरुलाई प्रभावकारी ढंगले रोजगारीको व्यवस्था गरिनुपर्दछ र उनीहरुले सञ्चालन गरिरहेका परम्परागत व्यवसायहरुमा थप सहयोग गरेर उनीहरुको स्वेच्छिक सहभागितामा व्यवसायिक तालिमहरु प्रदान गर्नुपर्दछ ।

ड) स्वास्थ्य तथा सामाजिक सुरक्षाः आदिवासि जनजातिहरुलाई आफ्नो मूल्य, मान्यताहरु अनुकूल हुनेगरि स्वास्थ्य सेवा उपलब्ध गराइनु पर्दछ । साथै भेदभाव सामाजिक सुरक्षाको व्यवस्था गरिनुपर्दछ ।

ढ) शिक्षाः आदिवासि जनजातिहरुलाई राष्ट्रिय समुदायका अन्य सदस्यहरु सरह शिक्षाका सबै तहमा अवसर प्राप्त गर्न सक्ने उपायहरु अवलम्बन गरिनुपर्दछ । साथै उनीहरुको आफ्नो भाषामा शिक्षा आर्जन गर्ने अवसर दिनुपर्दछ । यी शैक्षिक

कार्यक्रम तथा सेवाहरुले उनीहरुको इतिहास, ज्ञान, सीप, प्रविधिहरु तथा पद्धति एवम् उनीहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक चाहनाहरुलाई समावेश गरिनुपर्दछ ।

ण) अन्तरदेशीय सम्पर्कः सरकारले अन्तर्राष्ट्रिय सिमानाद्वारा छुट्याइएका आदिवासि जनजातिहरुको बीचमा सम्पर्क तथा सहयोग गर्नुपर्दछ । जसअन्तर्गत आर्थिक, सामाजिक-सांस्कृतिक, आध्यात्मिक तथा वातावरणीय क्षेत्र लगायतका गतिविधिहरु पर्दछन् ।

## *ILO-169 **ले दिएको अधिकारको प्रकृति-***

ILO-169 ले आदिवासि जनजातिलाई दिएको अधिकार निशेधाधिकार होइन । सौदावाजीको अधिकार मात्रै हो । त्यसैले आदिवासि जनजातिहरुले आफ्नो सरोकारको बिषयहरुमा माथि लेखिएका अधिकारहरु उपभोग गर्ने सन्दर्भमा परामर्श गरेर सहभागिता जनाउँदै आफैंले बसेर कति अधिकार लिने, कति छाड्ने भनी सौदाबाजी गरेर सहमतिमा पुग्ने हो । कुनैपनि विकास निर्माणको कार्यलाई निशेध गर्ने, रोक्ने अधिकार यो महासन्धिले आदिवासि जनजातिलाई प्रदान गरेको छैन ।

## ILO-169 अनुमोदनपछि नेपालको अवस्था-



आई.एल.ओ. १६९ सरकारले अनुमोदन गरिसकेपछि यसलाई कार्यान्वयनमा ल्याउनका लागि नेपालको कानुनहरु आई.एल.ओ. १६९ को प्रावधान अनुरुप परिमार्जन गर्नुपर्ने हुन्छ र आई.एल.ओ. १६९ को प्रावधानहरु लागू गर्नुपर्ने हुन्छ । यसको लागि अनुमोदन भएको एक बर्षभित्रमा पहिलो प्रतिवेदन अन्तर्राष्ट्रिय श्रम संगठनमा बुझाउनुपर्ने, त्यसपछि दोस्रो प्रतिवेदन दुई बर्षपछि तथा हरेर पाँच वर्षमा नियमित प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । आई.एल.ओ. १६९ लाई अनुमोदन गरेको १० वर्षभित्रमा आई.एल.ओ. १६९ को प्रावधान अनुरुप सम्पूर्ण कानूनलाई संसोधन गरेर अघि बढ्नुपर्ने व्यवस्था रहेको छ ।

नेपालको सन्दर्भमा, आई.एल.ओ. १६९ लाई कार्यान्वयन गर्ने कुरामा केही समस्याहरु समेत देखिएको पाइन्छ । यसको कार्यान्वयन गर्ने जिम्मेवारी राज्यको नै हो । राज्यले यसको प्रभावकारी कार्यान्वयनमा आवश्यकीय ध्यान पुऱ्याउन नसक्दा कतिपय समस्याहरु समेत उत्पन्न हुने गरेका छन् । यस्तै केही आदिवासि समुदायहरुले सरकारको आफैंले जल, जंगल र जमिनको अधिकार प्राप्त गरेको ठानी प्राकृतिक स्रोत, साधनमाथि कब्जा जमाई कर उठाउने लगायतका क्रियाकलापहरु गरेको देखिन्छ । यसले सामान्तः द्वन्द्वको सिर्जना भएको समेत पाइन्छ ।

यसलाई राज्यले सही ढंगले सावधानीपूर्वक कार्यान्वयन गरेमा देश विकासको लागि उपर्युक्त माध्यम हुनसक्दछ ।

**अन्त्यमा,**

नेपालमा आदिवासि जनजातिहरुको एक तिहाईभन्दा बढी जनसंख्या रहेको छ । जाति, भाषा, धर्म, संस्कृतिको विविधता रहेको आदिवासि जनजातिहरु अहिले पनि राज्यको मूल प्रवाहबाट पाखा पारिएको अवस्थामा छन् । यसैको परिवणाम स्वरुप आदिवासि जनजातिहरुका भाषा, धर्म, संस्कृति लगायतका कुराहरु आज लोम हुने अवस्थामा छ । सामाजिक बञ्चितीकरणमा पारिएको यो समुदालाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि सकारात्मक विभेदको अभ्यासबाट बिशेष व्यवस्था गरिनुपर्दछ ।



# दलित अधिकार
# र
# कानूनी सवाल

**१. विषय प्रवेशः**

मानिस जन्मसिद्ध रुपमा स्वतन्त्र र समान हुने भएकाले गर्दा नै समानता प्रत्येक मानिसको आधारभूत मानव अधिकार हो । समाज विकासक्रमलाई हेर्ने हो भने मानव समाजको उत्पत्ति हुँदा कुनैपनि किसिमको विभेदको गुञ्जायस पाइन्न । समाजमा जब वर्गको उदय भयो तब वर्ग स्वार्थको विकास भएको र यससँगै विभेदको शुरुवात भएको विगत हामी पाउन सक्छौं । यसैगरी कामले वर्ग र कामका आधारमा जातको विकास र स्थायित्व भएको पाईन्छ । शोषण र दमनलाई बनाइराख्न, दमन र विद्रोहलाई दबाउनका लागि समाजमा धर्मको विकास भएको पाइन्छ ।

नेपाल २०६२-०६३ को शान्तिपूर्ण जनक्रान्तिको बलमा विधिवत् रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक भएको छ । हामीले राजनीतिक परिवर्तनको दिशामा ठूलै फड्को मारेको भएपनि समाजमा आर्थिक, सामाजिक-साँस्कृतिक, शैक्षिक

लगायतका क्षेत्रको रुपमान्तरणको काम ज्यूँका त्यूँ छ । जुन कार्य समग्र समाज विकासका लागि अपरिहार्य छ । हामी अहिले साँचो अर्थमा समतामूलक समाजको निर्माण अझ भनौं नयाँ नेपाल निर्माण गर्ने कालखण्डमा छौं । यो नै आम नेपालीको साझा कार्यभार बन्नुपर्दछ ।

मानिसलाई कुनै जात वा परिवार बिशेषमा जन्म भएको वा कुनै पेशा अपनाएको कारणले छुन हुने वा छुन नहुने वा त्यस्ता मान्यताका आधारमा व्यक्तिको मर्यादा र आत्म सम्मानमा आँच पुऱ्याउने वा भेदभाव, बहिष्करण बञ्चित वा अलग गर्ने भन्ने आधारमा अथवाकुनै प्रकारको अधिकारको हनन गर्ने कार्य नै छुवाछूत हो । यसैगरी, जातलाई आधार मानेर गरिने सबैखाले विभेद जातीय विभेद हो ।

नेपालमा जातीय विभेद र छुवाछूतको समूल अन्त्य गर्नकै लागि भनेर जातीय भेदभाव र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लागू भएको अवस्था छ । जातीय विभेद र छुवाछूतको अन्त्यका लागि बनेको नेपालको सन्दर्भमा, यो ऐनको निर्माण नै अहिलेसम्मकै सबैभन्दा प्रगतिशिल कदम हो । यसअघि जातिय विभेद र छुवाछूतका सन्दर्भमा छुट्टै ऐनको व्यवस्था नै थिएन । एकातिर ऐनमा भएका व्यवस्थाका बारेमा समुदायलाई सचेत गर्नु



अनिवार्य छ भने अर्कातिर कानून बन्नु ठूलो कुरा होइन, त्यसको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण कुरा हो ।

## २. जातीय भेदवाव र छुवाछतको विकासक्रम:

ऐतिहासिक रुपमा हेर्ने हो भने नेपाल र भारत लगायतका केही मुलुकमा रहेको जातपात र छुवाछूतको कलंक नेपालबाट शुरुवात भएको भने होइन । इतिहासका पानाहरु पल्टाउँदै जाँदा यो कु-प्रथा भारतबाट प्रारम्भ भएको पाइन्छ । त्यसो त भारतीय उप-महाद्वीपको आदिम समाज (शुरुको समाज)मा जातपात र छुवाछूत भन्ने नै थिएन । यो धेरै बर्षपछि मात्र शुरु भएको हो भन्ने तथ्यहरु हामी हिन्दू धर्मका पौराणिक ग्रन्थहरुमा उल्लेख भएको पाउन सक्छौं । “जात्या च सदृशाः सर्वे कुलेन सदृशास्तथाः” महाभारत, शान्तिपर्व १०७/३० । यसरी महाभारतको रचनाकालमा जात र कुलका आधारमा सबै समान भएको कुरा थाहा पाउन सकिन्छ । रामायणमा समेत समाज विकासको प्रारम्भमा वर्ण व्यवस्था (जातपात र छुवाछूत) नभएको र पछि मात्र शुरु भएको उल्लेख छ । यस्तै लिङ्ग पुराणमा व्यवस्था भए अनुसार सबैभन्दा पहिले वर्ण व्यवस्था भारतबर्षको दक्षिण भागबाट शुरु भएको भन्ने उल्लेख छ ।

हिन्दू धर्ममा वैदिक आर्यहरुको सबैभन्दा पुरानो ग्रन्थ ऋग्वेदलाई मानिन्छ । यसको रचना इ.पू. २०००-१२०० मा भएको मानिन्छ । यस्तै ऋग्वेदको १० वटा मण्डलहरुमध्ये अन्तिम तथा दशौं मण्डलको रचना इ.पू. १५००-१२०० मा भएको अन्दाज गरिएको छ । यस वेदको अघिल्ला मण्डलहरुमा कहींकतै वर्ण व्यवस्थाको उल्लेख नगरिएको भए पनि दशौं मण्डलमा भने बिराट पुरुषको मुखबाट ब्राह्मण, हातबाट क्षेत्रीय, जाँघबाट वैश्य र खुट्टाबाट शुद्र भएको (ब्राम्हणोस्य मुखमासीत् बाह्व राजन्यः कृतः उरु तदस्यजद्वैश्यः पद्म्याँ शुद्रो अजायत् । -ऋग्वेद १०/९०/१२) भनी उल्लेख गरिएबाट इ.पू. १५००-१२०० मा भारतबर्षमा वर्ण व्यवस्था शुरुवात भएको पाउन सकिन्छ ।

वर्ण व्यवस्थाको बारेमा अध्ययन गर्दा प्रारम्भमा छालाको रङ्गको आधारमा वर्णको प्रयोग भएको भएपनि पछि आएर श्रमविभाजन अन्तर्गत कामको आधारमा वर्ण व्यवस्थालाई विकास गर्दै लगिएको पाइन्छ । वैदिककालदेखि धेरैपछि स्मृती कालसम्म आइपुग्दा पनि त्यतिबेला तल्ला भनिएका वर्णका मानिसहरुले योग्यतानुसारको काम गरे माथिल्लो भनिएको वर्णमा प्रवेश पाउँथे भने माथिल्लो भनिएका मानिसले खराब काम गरे तल्लो भनिएको वर्णमा झर्नु पर्दथ्यो । ब्रम्हपुराणमा उल्लेख भए अनुसार- “वेद आदि शास्त्र पढेको र राम्रो आचरण भएको शुद्र



पनि ब्राम्हण आदि माथिल्लो जातमा चढ्न सक्छ, यदि खराब आचरण छ भेन ब्राम्हण पनि शुद्र वर्णमा झर्दछ ।” (शुद्रो प्यागम् सम्पन्नो द्विजो भवति संस्कृतः ब्राम्हणो वाप्यसद्वृत्तः शुद्रो भवति तदृशः -ब्रम्हपुराण २२३/५३-५४) ।

पौराणिक ग्रन्थहरुमा उल्लेख भए अनुसार नार दासीको कोखबाट, विश्वमित्र क्षेत्रीनीको कोखबाट, वशिष्ट वेश्याको कोखबाट, परासर चण्डाल्नीको कोखबाट र भारद्वज शूद्रस्त्रीको कोखबाट जन्मिएको भनी उल्लेख गरिएको छ । तरपनि विद्या साधना गरेर उनीहरु ऋषी बनी माथिल्लो भनिएको दर्जामा पुगेको मत पाइन्छ ।

समाज विकासको क्रम बढ्दै जाँदा कथित माथिल्लो भनिएको वर्णमा श्रमप्रति घृणा बढ्न गई अहमताको विकास हुँदै जाँदा दास राख्ने प्रचलनले स्थायित्व पाएको पाइन्छ । परिणामस्वरुप दासयुगमा युद्धमा हराएकाहरु र बर्षौंदेखि शुद्र वर्णमा झारिएका शिल्पकारी एवम् श्रमजीवि वर्गलाई दासको व्यवहार गरियो । यसरी दासहरुलाई कज्याउनकै लागि भनेर माथिल्लो भनिएको वर्णले आफ्नो स्वार्थ अनुकूल अनेकौं थितिको विकास गरे । तसर्थ उनीहरुको हित अनुकूल शुद्रहरुलाई दासको रुपमा कज्याउन थाले ।

मनुस्मृतीमा उल्लेख भए अनुसार- "मालिकले त्याग गरेपनि शुद्रजाति दासताबाट छुट्न सक्दैन । किनभने दास ( कमारो) बन्नु नै त्यसको स्वभाविक कार्य हो । त्यो कसरी छुट्न सक्छ ?" -(मनुस्मृती १०/९६) । जब समाजमा शुद्रहरुलाई दासको व्यवहार गर्न थालियो ठीक त्यही समयदेखि उनीहरुले गर्ने पेशा/श्रमलाई माथिल्लो भनिएका वर्णहरुले घृणाको दृष्टिले हेर्न थाले । यसले गर्दा यसअघि उल्लेख भए अनुसारको वर्णमा योग्यता हासिल गरी उक्लन पाउने चलन सकिँदै गयो । शुद्रहरुले आफ्नो वर्ण अनुसारको काम नगरे कडा दण्ड सजायको व्यवस्था गरियो । मनुस्मृतीमा उल्लेख भए अनुसार- "धन कमाउन सक्ने भए पनि शुद्रले धन जम्मा गर्नु हुँदैन, किनभने शुद्र धनी भयो भने त्यसले ब्राम्हणहरुलाई नै बाधा पुऱ्याउँछ ।" (शक्तेनायि हि शुद्रेण नकार्यो धनसञ्चयः शुद्रो हि धनमासाथ ब्राम्हांणानेव वाधत ।" -मनुस्मृती १०/१२९ ।

मनुस्मृतीमा नै उल्लेख भए अनुसार- शूद्र वर्णलाई ज्ञान सिकाउनु, जुठो हव्य र कव्य खानु, प्रत्यक्ष रुपमा धर्म र ब्रतका कुराहरु सिकाउनु पनि हुँदैन ।" (न शूद्राय मतिं दध्यान्नोच्छिष्टं न हविष्कृतम्: न चास्योपदिशेद्धर्म न चास्य व्रतमा दिशेत् । -मनुस्मृती ४/८०) यसैगरी "शूद्रलाई धर्मको उपदेश र ब्रतको अनुमति दिने मानिस र शूद्र दुवै असंस्कृत नामको अन्धकारयुक्त



नरकमा पर्दछन् ।" भनि मनुस्मृतीमा नै उल्लेख छ । मनुस्मृती १०/१२५ मा "शूद्रलाई जुठो अन्न, पुराना कपडा, आछ्यानलाई पराल र ओढ्न थाङ्ना-थुङ्नी दिनू" भनिएको छ । यस्तै "शूद्रले वेद सुनेमा सीसा र लाहा पगालेर उसको कानमा हालिदिनु, वेदको मन्त्र उच्चारण गरेमा जिब्रो काटिदिनु, वेदमन्त्र कण्ठस्थ गरेमा ज्यानै खतम् गरिदिनु । उसले आसन, बिस्तरा, बाटो आदिमा उच्च जाति सित छुन खोजे एकसय पण दण्ड गर्नु ।" भन्ने उल्लेख गरिएको छ ।

यसैगरी समयक्रममा वर्ण व्यवस्थाले चरम रुप लिएपनि आफ्नो हित अनुकूल काम गरिदिनेलाई छुत शूद्र र हित अनुकूल काम नगरिदिने शूद्रलाई अछूत शूद्र भनी वर्गीकरण गरियो । "जुन शूद्रहरुले आफ्नो प्राण, धन तथा स्वास्नीलाई ब्राम्हणको सेवामा अर्पण गर्दछन्, त्यस्ता शूद्रको अन्न वा तिनीहरुले छोएको कुरा खान हुन्छ, अरु शूद्रको अन्न खानु हुँदैन ।" (प्राणानर्थास्तथादारान् ब्राम्हण यो निवेदयेत्, सशूद्रजातिर्भोज्यस्यादमोज्यः शेष उच्यते । -बिष्णु पुराण ५/११) ।

समाज विकासमा विभेदका अनेक रुपहरु विकास गरिएपनि फरक वर्णका बीचमा शारिरीक सम्बन्ध/योन सम्बन्धको क्रम भने रोकिएन । विभिन्न वर्णहरुका बीच यौन

सम्बन्ध हुँदा अनेकौं जातिहरु देखा पर्दै गए । फलतः माथिल्लो भनिएको वर्णले बनाएको नियम तोड्नेहरुलाई कठोर सजाय स्वरुप शुद्र भनिएको व्यक्तिले वैश्य भनिएको स्त्रीबाट जन्माएको सन्तानलाई ***आयोगब***, क्षेत्रीय भनिएको स्त्रीबाट जन्माएको सन्तानलाई ***क्षता*** र ब्राम्हण भनिएको स्त्रीबाट जन्मिएको सन्तानललाई ***चाण्डाल*** भनियो । यतिमात्र नभएर उनीहरुलाई अछूत र पानी अचल बनाईयो । समाजमा चाण्डाल भनिएकाहरुले प्रयोग गरेको हावा समेत विटुलो भयो । उनीहरुले मुर्दाका कपडा लगाउनुपर्ने, माटाका टुटेफुटेका भाँडामा खानुपर्ने, फलामका गर-गहनाहरु लगाउनुपर्ने र गाउँ-शहरदेखि धेरै टाढा नदी किनारमा मात्र बास बस्नुपर्ने जस्ता घृणित र विवेकहिन् नियम/कानून बनाईयो । समाजमा अछूत भनिएकाहरु मध्येपनि सबैभन्दा तल्लोस्तरमा राखिएका ***चाण्डाल र स्वपच*** (कुकुरको मासु खाने) हरुभन्दा पनि अझ तल कथित अछूतको रुपमा पुक्कस (चाण्डाल या निषाद् र शूद्रपुत्रीबाट जन्मेको सन्तान), कुक्कुट (शूद्र र निषादपुत्रीबाट जन्मेको सन्तान) आदिलाई अझै खसालियो । प्राकृतिक वरदान जैव आवश्यकता पूर्ति गरेवापत जन्मिएका सन्तानहरुलाई रगतको छ्यासमिस् भयो भनि अछूत श्रेणीमा झार्नु, ब्राम्हणले भने बमोजिम कर्मकाण्ड नगर्ने, इश्वरको विश्वास नगर्ने अरु खालका धर्म अवलम्बन गर्ने मानिसलाई



***म्लेच्छ*** भनि अछूतकै दर्जामा झार्ने व्यवहारबाट नै समाजको चित्रण हुन्छ ।

**नेपालमा जातपात र छुवाछूतको विकास-**

जातपात र छुवाछूतको कलंक भारतीय भूमिकाट नेपाल पसेका आर्यहरुले यहाँ रहेका नेपालमा रहेका सोझा/सीधा आदिवासि, जनजातिहरुलाई युद्धमा पराजित गरी राज्यसत्ता आफ्नो हातमा लिएपछि मानव कलंकको रुपमा रहेको वर्ण व्यवस्थालाई नेपालमा भित्र्याएको पाइन्छ । नेपालमा जातपात र छुवाछूतको विकासलाई यसरी अध्ययन गर्न सकिन्छः-

***१. प्राचिन काल (वि.सं. ९३५ सम्म)-***

नेपालको पूर्वी तराई क्षेत्र (मिथिला प्रदेश) मा राज्य सञ्चालन गर्ने राजा जनक लगायतलाई क्षेत्रीय भनिएबाट इ.पू. १००० तिर उक्त क्षेत्रमा वर्ण व्यवस्था शूरुवात भइसकेको थियो भन्ने विद्वान्हरुका मत रहेको छ । यस्तै इ.पू. छैठौं शताब्दीमा गौतम बुद्धले वर्ण व्यवस्था विरोधी आन्दोलन चलाएको बाट समेत त्यस समयसम्म आइपुग्दा पश्चिम तराईमा समेत वर्ण व्यवस्था छाईसकेको कुरा अनुमान गर्न सकिन्छ । इतिहासकै सन्दर्भमा किराँतकालीन् सभ्यताको अध्ययन गर्दा त्यहाँ रहेका

जात-जातिबीचमा कुनै प्रकारको छुवाछूत नरहेको कुरा उल्लेख पाईन्छ ।

भारतको पश्चिम वैशालीबाट नेपाल प्रवेश गरेका लिच्छविहरुले किराँतहरुलाई लडाईंमा हराएर शासनको बागडोर आफ्नो हातमा लिएका थिए । वि.सं. ३५० तिर बृषदेव नेपालको राजा भएका थिए । बृषदेव आफैंमा बौद्धमार्गी थिए तर अन्य लिच्छवि राजाहरुले वर्ण व्यवस्थालाई नेपालमा भित्र्याए । उनीहरुले हिन्दु धर्मका अनेकौं मठ, मन्दिरहरु निर्माण गरे । लिच्छविकालिन समयका राजाहरु मानदेव (वि.सं. ५२१-५६२), नरेन्द्रदेव (वि.स.६९९-७३५) का समयमा वर्ण व्यवस्थाले थप स्थायित्व प्राप्त गर्ने अवसर पायो ।

### *२. मध्यकाल (वि.सं. ९३५-१८२५ सम्म)-*

प्राचीन कालमा लिच्छविहरुको आगमनसँगै भित्रिएको जातपात र छुवाछूतको कुप्रथा मध्यकाल अर्थात् मल्लकालमा आएर चरम रुपमा विकसित भयो । समाजमा कथित सुधारक भनिएका मल्ल राजा जयस्थिति मल्ल (वि.सं. १४३८-१४५२)ले राज्य सञ्चालनमा वर्ण व्यवस्थालाई ब्रम्हास्त्र बनाए । जात अनुसारको काम तोकेर मनुस्मृतीमा उल्लेख भएका दानवीय



व्यवहारहरुलाई लागू गर्ने, जात अनुसारको खानपीन, बसाई, काम आदि तोकी सो को उल्लंघन गर्नेलाई कडा दण्ड, सजाय गर्ने सम्मको काम जयस्थिति मल्लकै पालामा हुन पुग्यो । उनैले समाजलाई चार वर्ण, ६४ जातमा वर्गीकरण गरे । कथित समाज सुधारको ढोंग रचेर शूद्र भनिएको वर्णलाई अब जन्मजात रुपमै पेशा अंगाल्नुपर्ने थिति बसाए । बिवाह, जन्म उत्सव, मृत्यु आदिका संस्कारहरु समेत तोकिदिए ।

यस्तै नेपालको पश्चिमतर्फ कर्णाली प्रदेशमा पनि त्यहाँका खस-मल्ल राजाहरुले जातपात र छुवाछूत विस्तार गर्दै लगे । उनीहरुमध्ये पृथ्वी मल्ल (वि.सं. १३९५-१४१७)ले जातपातको वर्गीकरण र विस्तार गरे । जसबाट जातपात र छुवाछूत जस्तो कलंक पश्चिम नेपालमा पनि विस्तार हुनपुग्यो । यसैगरी पूर्वी नेपाल (मिथिला प्रदेश)मा रहेको कर्णाट राज्य ( वि.सं.११५४-१३८२)मा पनि जातपात र छुवाछूतलाई विस्तार गरियो । उक्त समयमा राज्यले जातपात र छुवाछूतलाई अझ व्यवस्थित गर्न तल्लो तहसम्म जातीय पञ्जीकरण प्रणाली लागू गरेको थियो ।

पछि गोर्खाका राजा राम शाह (वि.सं. १६६६-१६९३)ले पनि जातीय भेदभाव र छुवाछूतलाई थप बढवा दिने किसिमका

गतिविधि अघि बढाए । उनले मनुस्मृतीका आधारमा छुवाछूतको व्यवस्था गर्ने जयस्थिति मल्लको कथित् समाज सुधारलाई अवलम्बन गरे । "न्याय नपाए गोर्खा जानू" भन्ने उनको भनाई व्यर्थ भयो ।

### ***३. आधुनिककाल (वि.सं. १८२५ देखि हालसम्म)-***

वि.सं. १८२५ पछिको नेपालको इतिहासलाई आधुनिककाल मानिन्छ । यसताका शाह वंशीय राजा पृथ्वीनारायण शाहले टुक्रा-टुक्रामा विभक्त नेपाललाई एकिकरण गर्ने अभियानलाई अघि बढाए । तर समाजमा हजारौं बर्षअघिदेखि रहीआएको जातपात र छुवाछूत प्रथालाई अन्त्य गर्न सकेनन् अझ भनौं मुलुक भूगोलमा एकिकरण भयो तर जात/जाति, भाषा, धर्म र संस्कृतिमा एकिकरण हुन सकेन । मुलुक पृथ्वीनारायण शाहले भनेजस्तो चार वर्ण छत्तीस जातको फूलबारी रहेन, बरु तोरीबारीको रुपमा विकास हुन पुग्यो । यसले गर्दा नेपालमा एक जात, एक धर्म, एक भाषा, एक भेषको लामो समयसम्म दबदवाह चल्यो । त्यसका अवशेषहरु समाजमा हालसम्म पनि छँदैछ ।



पृथ्वीनारायण शाहले नेपाल एकीकरणका समयमा आफूलाई रीस उठेका मान्छेहरुलाई जातिच्यूत गरेर अछूतको दर्जामा झारिदि एभने युद्धमा उनलाई सहयोग पुऱ्याउने अछूत भनिएकाहरु मध्ये केहीलाई कथित उच्च जातमा चढाईदिए । कीर्तिपुरको युद्धबाट भगाएर नुवाकोट पुग्नका लागि आफूलाई सहयोग गर्ने ***दुआन*** जातिको मानिसलाई उनले ***पुतवार***मा जात उठाइदिए र मकवानपुरको युद्धमा पराजित भएका आफ्ना विपक्षीहरु केहीलाई दण्ड स्वरुप स्थानीय सार्कीहरुलाई जिम्मा लगाएर जातिच्यूत गरेको उदाहरणबाट उक्त कुरा प्रमाणित हुन्छ ।

वि.सं. १९०३ मा नेपालमा निरङ्कुश जहानीय राणा शासनको उदय भयो र जङ्गबहादुर राणा मुलुकको पहिलो राणा प्रधानमन्त्री भए । उनकै समयमा वि.सं. १९१० मा उनले त्यसताकाका राजा सुरेन्द्रबाट लालमोहर लगाई सामाजिक सुधार गर्ने नाममा मुलुकी ऐन लागू गरे । उक्त मुलुकी ऐन मुलुककै पहिलो व्यवस्थित लिखित कानून थियो । यस ऐनले त झन् स्पष्ट रुपमा जातीय भेदभावलाई कानूनी वैधता प्रदान गऱ्यो । मुलुकी ऐन नेपालका दलितहरुको लागि ***कागलाई बेल पाक्यो, हर्ष न बिश्मात्*** भनेझैं हुन पुग्यो ।

मुलुकी ऐन १९१० को "पानी चलन्या घटिबढी जातको" महल (१२) अनुसार- "चाह्याका षलक पोढ्या, वादी, गाइन्या, दमाई, कँडारा, कामी, सार्की, चुँडारा, हुकर्या एति जातलाई पानी चलन्या चोषा जातले छोयामा छिटो हाल्नू, छिटो हाल्यान भन्या रुपैंयाँ दण्ड गरी चार पैसा ली पतिया गराईदिनू" भन्ने व्यवस्था गरियो । यसरी ऐनमा पानी चल जात र पानी अचल जात भनी स्पष्ट व्यवस्था गरियो ।

राणा शासनकालमा उत्पीडित दलित समुदायले अत्यन्तै बढी दमन, शोषण एवम् अन्याय र अत्यचार खेप्नुपऱ्यो । २००७ सालपछि भने सामाजित रुपमा केही न केही खुकुलोपनको महसुस दलित समुदायले गर्न पायो । "अन्तरिम शासन विधान-२००७"ले समानताको पक्षमा केही कुरा बोलेपनि उक्त सवाल व्यवहारमा भने प्रकट हुन सकेन । संविधान मुख्यतः हिन्दू धर्मको सापेक्षतामा निर्माण भएको हुनाले पनि विभेदलाई निरुत्साहित गर्ने सवालमा समस्या उत्पन्न भएको पाइन्छ । यो सवाल वि.सं. २०११ सालमा पशुपतिनाथको मन्दिर प्रवेश कार्यक्रममा उपस्थित दलित समुदायमाथि मन्दिर प्रवेश गर्न नदिन तत्कालिन गृहमन्त्री टंकप्रसाद आचार्यको ठाडो आदेशमा प्रहरी प्रशासनले क्रुर दमन र हस्तक्षेप गरी सात सय ५० भन्दा बढीलाई गिरफ्तार गरेको घटनाले पनि पुष्टि हुन्छ ।



यसपछि विभिन्न समयमा बनेका मुलुकको संविधान (नेपाल अधिराज्यको संविधान-०४७ सम्म)ले नेपाललाई स्पष्ट रुपमा हिन्दू अधिराज्य भनि घोषणा नै गऱ्यो । २०१९ सालमा जारी संविधानले समानताको हकलाई मौलिक हकको रुपमा व्यवस्था गऱ्यो । यसैको जगमा वि.सं. २०२० साल भदौ १ गते त्यसबेलाका राजा महेन्द्रले पुरानो मुलुकी ऐन खारेज गरी "नयाँ मुलुकी ऐन-२०२०" जारी गरे । कानूनी रुपमा ऐनले सामान्य दण्ड सजायको व्यवस्था गरेको भएपनि त्यो किमार्थ कार्यान्वयन हुन सकेन । यसको कारण मुलुक हिन्दू अधिराज्य थियो । जातपात र छुवाछूत हिन्दू वर्णाश्रम व्यवस्थाको उपज थियो ।

२०४६ सालको प्रजातन्त्र पुनर्वाहलीको लडाईंपछि मुलुकमा सामाजिक-साँस्कृतिक हिसाबले धेरै खुकुलोपन आएकै हो । यद्यपी कथित हिन्दू अधिराज्य नेपालभित्र जातीय भेदभाव र छुवाछूत प्रथाले हजारौं बर्षदेखि जरा गाडेको हुनाले यसको समूल अन्त्य हुन सकेन । राज्यको मूल प्रवाहबाट पाखा राखिएको समुदायको राज्यमा पहुँच हुन नसक्नाले पनि समस्या उत्पन्न भयो । करिब दुई सय चालिस बर्षअघिदेखिको राजसंस्थाको समूल अन्त्य भएर संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा, धर्मनिरपेक्ष तथा छुवाछूतमुक्त राष्ट्र घोषणा, ऐतिहासिक संविधान सभाको निर्वाचन, कथित विद्रोहमा रहेको दललाई शान्ति प्रक्रियामा

सामेल गराउँदै शान्ति प्रक्रिया टुङ्गोमा पुऱ्याउनु लगायत यसबीचमा प्राप्त महत्वपूर्ण उपलब्धीहरु हुन् ।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्र, छुवाछूतमुक्त राष्ट्र घोषणा भएको भएपनि व्यवहारमा छुवाछूत प्रथाको समूल अन्त्य हुन सकिरहेको छैन । प्रत्येक दिनजस्तो जातीय विभेदका घटनाहरु भइरहेका छन् । चुल्हो छोएकै निहुँमा मनबीर सुनुवारको हत्या, सेते दमाईंको हत्या पछिल्लो समयका जघन्य अपराध हुन् । यद्यपी राज्यले छुवाछूतलाई अपराधको रुपमा ग्रहण गरी “जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन-२०६८” जारी गरेको छ । यसको प्रभावकारी कार्यान्वयन हुनसके छुवाछूत प्रथाको अन्त्यको लागि एउटा महत्वपूर्ण साधन बन्न सक्नेछ ।

**३. छुवाछूत उन्मूलनबारे केही अन्तराष्ट्रिय कानूनी व्यवस्था:**

संयुक्त राष्ट्रसंघले १० डिसेम्बर १९४८ मा जारी गरेको मानव अधिकारको विश्वव्यापपी घोषणापत्रको धारा २ ले मानव जातीलाई जन्मजात स्वतन्त्र तथा अधिकार र मर्यादामा समान रहेको कुरा सुनिश्चित गर्दै जाती, वर्ण, लिङ्गजस्ता कुनैपनि आधारमा विना भेदभाव सबैलाई प्राप्त हुने सबै व्यक्ति कानूनको



अगाडि समान हुने र सबैलाई विना भेदभाव कानूनको समान संरक्षण प्राप्त हुने जस्ता अधिकारको व्यवस्था गरिएको छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रको धारा २६ ले सवै व्यक्तिहरु कानूनको दृष्टिमा समान हुने, बिना भेदभाव कानूनको समान संरक्षण प्राप्त हुने कानूनले सबै प्रकारका भेदभावलाई निषेध गर्ने, सबै व्यक्तिलाई जाति, वर्ण, जन्म लगायतका आधारमा हुने भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूती प्रदान गरेको छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रको धारा २ ले जाती, वर्ण, उत्पती जस्ता आधारमा प्रतिज्ञा पत्रमा उल्लेखित अधिकारहरु प्रयोग गर्न कुनै भेदभाव नगर्ने कुराको प्रत्याभूती राज्यले गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने महासन्धी-१९६५ ले जातीय विभेदमा आधारित उच्चता र निच्चताको व्यवहार वैज्ञानीक रुपले गलत, नैतिक रुपले निन्दनीय, सामाजिक रुपले अन्यायपूर्ण भएको वास्तविकतालाई मनन् गरि जातीय विभेद जनाउने सबै प्रकारका कसूरहरुलाई नियन्त्रण गर्नु राज्यको विषेष दायित्वको रुपमा हुने कुराको व्यवस्था गरेको छ ।

भारत स्वतन्त्र बनेपछि डा.भीमराव राम्जी अम्बेडकर भारतीय कानूनको मस्यौदा समितिका अध्यक्ष चुनिए । संविधानले उत्पीडित र पिछडिएका वर्गलाई बिशेष सुरक्षाको व्यवस्था गऱ्यो । यो संविधान सन् १९५० जनवरी २६ तारिखका दिनबाट जारी भयो । उक्त भारतीय संविधानले धर्म, जात, वर्ण, लिङ्ग र जन्मको आधारमा गरिने भेदभावलाई प्रतिबन्ध लगायो । सम्पूर्ण जनतालाई समानताको अवसर प्रदान गर्ने क्रममा आरक्षणको प्रत्याभूति गराउन बिशेष उपधाराको व्यवस्था गरिएको छ ।

***केही मुलुकहरुको संविधानमा गरिएको व्यवस्थाहरु-***

**-** संयुक्त राज्य अमेरिकाको संविधानको चौधौं संसोधनले कानूनको समान संरक्षणको व्यवस्था गरि कसैलाई विभेद गर्न नपाईने अधिकारको सुनिश्चितता गरेको छ ।

- दक्षिण अफ्रिकाको संविधानको धारा ९ ले प्रत्येक व्यक्ति कानूनको अगाडी समान हुने, कानूनको समान संरक्षण र लाभ प्राप्त हुने, राज्यले जातजातिका अधारमा भेदभाव नगर्ने कुराको व्यवस्था गरेको छ ।

- भारतको संविधानको धारा १५ ले जातिय भेदभाव विरुद्धको हकको व्यवस्था गर्दै कुनै पनि व्यक्तिलाई उत्पती धर्म,



वर्ण, जात, लिङगको आधारमा भेदभाव नगरिने कुरा उल्लेख गर्दै धारा १७ ले छुवाछूतको कार्यलाई कनूनद्वारा दण्डनीय हुने व्यवस्था गरेको छ ।

**४. नेपालको सन्दर्भमा छुवाछूत उन्मूलनबारे उल्लेखनीय व्यवस्थाहरु:**

- नेपालमा जातीय भेदभाव तथा छुवाछुतको प्रचलनलाई सर्वप्रथम २०२० सालको मुलुकी ऐनले उन्मुलन गऱ्यो ।
- संवैधानीक रुपमा नागरिककाबीच औपचारिक समानताको व्यवस्थालाई नेपाल सरकार वैधानीक कानून २००४ ले गरेको थियो ।
- नेपालको अन्तरिम शासन विधान २००७ ले राज्यले धर्म, जात, जाती, वर्ण, लिङ्ग जस्ता आधारमा कुनै नागरिकलाई भेदभाव नगर्ने व्यवस्था गरेको थियो ।
- २०१५ सालको संविधानले सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जातिको आधारमा भेदभाव नगरिने , सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुने कुराको उल्लेख गऱ्यो भने नेपालको संविधान- २०१९ ले पनि सोही २०१५ सालकै व्यवस्थालाई निरन्तरता दियो ।

- नेपाल अधिराज्यको संविधान- २०४७ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने , सामान्य कानूको प्रयोगमा नागरिकमाथि धर्म, वर्ण, लिङग, जात, जाती जस्ता अधारमा भेदभाव नगर्ने सुनिश्चिता प्रदान गर्दै जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने कार्यलाई दण्डनीय गर्ने संवैधानीक प्रत्याभूती गऱ्यो ।
- मुलुकी ऐन अदलको १०(क) नं. मा पुरानो दण्ड सजायको व्यस्थालाई संसोधन गरी २०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिपछिः कसैले कसैलाई जातिपाती, धर्म, वर्ण, वर्ग वा कामको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार वा बहिष्कार वा निषेध गरेमा तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गऱ्यो ।
- जातीय छुवाछूतजन्य कसुरलाई २०६० साल श्रावण १२ गतेबाट सरकारवादी हुने कसुर अपराधको रुपमा व्यवस्था गरियो भने २०६२/०६३ को शान्तिपूर्ण जनक्रान्तिपछि २०६३ साल जेष्ठ २१ गते तत्कालिन अन्तरिम



व्यवस्थापिका संसद्ले नेपाललाई “छुवाछूतमुक्त राष्ट्र” घोषणा गऱ्यो ।

- नेपालको अन्तरीम संविधान- २०६३ ले समानता सम्बन्धी हकका अतिरिक्त छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हकलाई छुट्टै मौलिक हकको रुपमा व्यवस्था गरि जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव नगरिने, कुनै जात, जाती वा उत्पतीका व्यक्ति वा व्यक्तिहरुको समूहको उच-नीच दर्शाउने, जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाईने र कसैले गरेमा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने एवं जातीय भेदभाव तथा छुवाछूतबाट पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिमको क्षतीपूर्ति पाउने समेतको व्यवस्था गरेको छ ।
- व्यवस्थापिका संसद्ले २०६८ साल जेठ १८ गते “जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८” जारी गरेको छ ।

## ५. जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८:

जातीय विभेद तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ आम नेपाली उत्पीडित दलित समुदायको हजारौं बर्षअघिदेखिको लडाईंको उपलब्धी हो । यद्यपी यो ऐनः उत्पीडित दलित समुदायको लागि मात्र बनेको ऐन भने होइन । यसले नेपाली समाजमा हुने सबै किसिमका जातीय भेदभाव र छुवाछूतको घटनालाई सम्बोधन गर्दछ ।

यस ऐनको प्रस्तावनामाः व्यक्तिको अधिकारहरुको संरक्षण- समानता, स्वतन्त्रता र मर्यादापूर्वक बाँच्ने, अधिकार र मानव मर्यादाका सम्बन्धमा समानताको सिद्धान्तलाई मनन गर्ने, छुवाछुत, बहिष्करण, प्रतिबन्ध, निश्कान वा कुनै त्यस्तो कार्यलाई अपराधिकरण गरेर तथा सजाय योग्य बनाएर सामाजिक सौहार्दता कायम गर्ने जस्ता सवालहरु उल्लेख गरिएको छ । यसैगरी ऐनमा छुवाछूतको परिभाषालाई फराकिलो रुपमा व्याख्या गरिएको अवस्था छ । सार्वजनिक स्थानमा मात्र नभएर नीजि स्थानमा गरिने छुवाछुतलाई समेत ऐनले अपराधको रुपमा परिभाषित गरेको छ ।



यस ऐनको दफा ५ मा जातीय भेदभाव र छुवाछूतको घटनालाई उजुरी गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ । जसअनुसार माथि परिभाषित गरिएको कसूर कसैले गरेको वा गर्न लगाएको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा तोकिए बमोजिम उजूर गर्न सक्नेछ । यसैगरी छुवाछूत सम्बन्धी कसूर नेपाल बाहिर गरेमा निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्नुपर्नेछ । उजुरीलाई सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए बमोजिम राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सक्नेछ । प्राप्त उजुरी दलित आयोग वा स्थानीय निकायले सम्बन्धित प्रहरी कार्यालयमा तोकिए बमोजिम लेखी पठाउनेछ । यसरी लेखिआएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो उजुरीउपर प्रचलित कानून बमोजिम आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

सजायको हकमा ऐनको दफा ७ मा कसूरताको गम्भिरतालाई हेरेर एक महिनादेखि तीन बर्षसम्म कैद पाँच सय रुपैंयाँदेखि पच्चीस हजार रुपैंयाँसम्म जरीवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था गरिएको छ । जातीय भेदभाव वा छुवाछूत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग

गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ । यस्तै सार्वजनिक पद धारण गरेको व्यक्तिले छुवाछूतको कसूर गरेमा निजलाई कानून वमोजिम हुने सजायमा ५० प्रतिशत थप सजाय हुनेछ ।

यसै ऐनमा जातीय भेदभाव र छुवाछूतको कलंकबाट पिंडित हुनेहरुलाई क्षतिपूर्तिको समेत व्यवस्था गरेको छ । जसअनुसार अदालतले पिंडितलाई पिंडकबाट पच्चीस हजार रुपैंयाँदेखि एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराईदिन सक्ने व्यवस्था गरिएको छ । साथै पिंडितलाई कुनै हानी-नोक्सानी भएको भए अदालतले उपचार वा थप खर्चका लागि कनासिव रकम कसुरदारबाट भराउन सक्नेछ । मुद्धाको हदम्यादको सम्बन्धमा तीन महिनाको समय ऐनले व्यवस्था गरेको छ । यो हदम्याद कसूर भएको मितिदेखि अदालतमा मुद्धा दायर गर्दासम्मको समयावधि पर्दछ ।

### ६. ऐन कार्यान्वयनका जटिलताहरु:

जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ नेपाली दलित आन्दोलनको एउटा महत्वपूर्ण उपलब्धी हुँदाहुँदै पनि यसको कार्यान्वयनमा विभिन्न जटिलताहरु अवश्य



छन् । यस ऐनको कार्यान्वयनमा विद्यमान जटिलताहरुलाई यसअनुरुप चर्चा गरिएको छ:

५.१. जातीय विभेदका घटनाहरुलाई अघि नबढाउनका लागि हुने राजनीतिक हस्तक्षेप यो ऐन कार्यान्वयनका लागि महत्वपूर्ण जटिलता हो । यसले पिंडितलाई न्याय दिनुको सट्टा पिंडकलाई उन्मुक्ति दिने काम गर्दछ ।

५.२. उत्पीडित दलित समुदायको सबै क्षेत्रमा पहुँचको अभाव पनि यो ऐनको कार्यान्वयनमा समस्या हो । यो समुदायको राजनीतिक हिसाबले कम सहभागिता छ, संसदीय क्षेत्रमा कम उपस्थिति छ भने कर्मचारी तन्त्रमा शुन्यप्राय: सहभागिता छ ।

५.३. न्याय सम्पादन गर्ने क्षेत्रमा दलित समुदायको कमजोर उपस्थिति छ । न्यायिक निकायहरुमा त दलित समुदायको सहभागिता शून्यप्राय: नै छ भनेपछि फरक पार्दैन ।

५.४. नेपाली समाजमा विद्यमान विभिन्न कु-प्रथाको अन्त्यका लागि आवश्यक सचेतना दलित समुदायमा नहुनुले पनि ऐन कार्यान्वयन गरी समतामूलक समाज निर्माण गर्ने कार्यमा समस्या उत्पन्न हुने देखिन्छ । सचेतनताको अभावले पिंडित दलित नागरिक न्यायलयसम्म पुग्न समेत सकेको छैन ।

यसबाहेक समाजमा विद्यमान सामन्तवादी, ब्राह्मणवादी सोंच जातपात र छुवाछूतको महत्वपूर्ण हतियार हो । यसैको जगमा समाजमा हजारौं बर्षअघिदेखि यो कु-प्रथा टिकीरहेको छ ।

ऐन कार्यान्वयनमा समेत यसको प्रभाव प्रत्यक्ष, अप्रत्यक्ष रुपमा देखिन्छ नै ।

### ७. निश्कर्षः

“जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन-२०६८” नेपाली दलित मुक्ति आन्दोलनको सन्दभएमा हालसम्मकै गतिलो उपलब्धी हो भनेपनि फरक नपर्ला । यसले छुवाछूत प्रथालाई दण्डीत बनाउने सन्दर्भमा महत्वपूर्ण व्यवस्थाहरु गरेको छ । जसको जगमा छुवाछूतलाई निरुत्साहित पार्न सहयोग त पुग्छ नै । यद्यपी कानूनको निर्माण आफैंमा सबैथोक होइन । झिना-मसिना कानूनहरु जातीय भेदभाव र छुवाछूतलाई दण्डीत गर्ने सन्दर्भमा यसअघि पनि बनेकै हुन् । सो को कार्यान्वयनमा राज्य गम्भिर बन्न नसक्दा यसअघिका कानूनहरु निश्प्रभावी बने । त्यसो भएकोले पनि कानून निर्माणसँगै त्यसको कार्यान्वयन महत्वपूर्ण हुने गर्दछ । निश्कर्षमा यति भन्न सकिन्छ कि “जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन-२०६८” जातीय भेदभाव र छुवाछूत प्रथाको अन्त्य भने निश्चय पनि होइन ।



# बालअधिकारको सवाल

### विषय प्रवेश-

आजका बालबालिकाहरु भोलिका कर्णधार हुन् । यीनिहरु नै मुलुकका भविष्य पनि हुन् । बालबालिकाहरु संसारका सुन्दर संरचना हुन् । बालबालिकाको अनुपस्थितिमा समाजको विकासको प्रक्रियाको कल्पना समेत गर्न सकिँदैन । जाति, रङ्ग, भाषा, भेषभूषा, विचारधारा तथा वर्गीय भेदभावविना स्वतन्त्रतापूर्वक बाँच्न पाउनु र बालापनमा रमाउन पाउनु बालबालिकाहरुको बिशेष अधिकार हो । तर तेस्रो विश्वका अन्य मुलुकहरुमा जस्तै नेपालमा पनि बालबालिकाले अशिक्षा, रोग, भोक र कुपोषणजस्ता समस्या भोग्नु परिरहेको छ । यस्तै विभिन्न समस्या र आर्थिक विपन्नतासँग जुझ्दै बाँचेका बालबालिकाहरुमध्ये केही बालश्रमिक त केही टुहुरो अवस्थामा रहेका छन् ।

विश्वका बालबालिकाका हक, हित र प्रतिष्ठालाई संरक्षण गर्न सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघद्वारा “बालअधिकार सम्बन्धी महासन्धि” पारित भयो । यो महासन्धिले बालअधिकार भनेको केटाकेटीको अधिकार र वयस्कको दायित्व

हो भनी स्पष्ट गरेको छ । यसले शोषण, उत्पीडन र जोखिमबाट संरक्षित हुन बालबालिकाको बिशेष अधिकारको सुनिश्चितताको कुरा पनि उल्लेख गरेको छ । साथै बालबालिकाको अधिकार र संरक्षणको निम्ति परिवार, समुदाय र सरकारको दायित्वलाई पनि स्पष्ट गरेको छ । त्यसैले हामी भन्न सक्छौं, बालअधिकार सबैको सरोकारको बिषय हो ।

बालअधिकार सम्बन्धी महासन्धि १९८९ को धारा १ मा बालबालिकाको परिभाषा यसरी गरिएको छ- "कुनैपनि देशको राष्ट्रिय कानुनमा अन्यथा तोकिएकोमा बाहेक १८ बर्ष मुनिको सबै व्यक्तिलाई बालबालिका सम्झनुपर्दछ । यसैगरी नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा (२) अनुसार १६ बर्षको उमेर पूरा नगरेका व्यक्तिलाई बालबालिका मानिएको छ ।

## बालअधिकारको ऐतिहासिक विकासक्रम-

सन् १९१४ देखि १९१८ सम्म भएको प्रथम विश्वयुद्धमा ठूलो धनजनको क्षति भयो । असंख्य बालबालिकाहरु अपाङ्ग तथा अनाथ भए । युद्धग्रस्त क्षेत्रमा लाखौं बालबालिकाहरु भोका नाङ्गा बन्न पुगे । यसको असर सबैभन्दा बढी बालबालिका तथा महिलालाई परेको थियो । पीडित बालबालिकाहरुको दुःख देखेर



बेलायतकी एक जना फोटो ग्राफर एग्लान्टाइन जेवले युद्धग्रस्त क्षेत्रका बालबालिकाहरुको फोटो खिचेर प्रचार-प्रसार गरिन् । त्यसबेलाको बेलायती समाजमा केटीहरुको कुर्कुच्चा देखाउनुलाई समेत अपराध मानिन्थ्यो । सोही आरोपमा जेवलाई जेलको सजाय सुनाइयो ।

जेलमा रहेको अवस्थामा जेवले "सबै युद्धहरु बालबालिका र महिला विरुद्धको युद्ध हुन्" भन्ने आवाज उठाइन् । जेलमै उनले सन् १९२१ मा बालअधिकार घोषणा-पत्रको मस्यौदा तयार गरिन् । उक्त घोषणा पत्रमा निम्नानुसारका सन्देशहरु रहेका थिए-

- हरेक जातजाती, वर्ण, धर्मको घेरा पार गरेर बालबालिकाहरुको संरक्षण गर्नुपर्दछ ।
- परिवारलाई उचित सम्मान दिँदै परिवारभित्रका बालबालिकाहरुलाई उचित स्याहार सुसार पुऱ्याउनु पर्छ ।
- नैतिक, आध्यात्मिक, शारीरिक, मानसिक र वस्तुगत आधारमा उचित तथा सम्पूर्ण विकासका लागि बालबालिकाले सबै सुविधाहरु पाउनु पर्दछ ।
- सामाजिक सेवाबाट बालबालिकाले पूर्ण लाभ पाउनु पर्दछ । उचित समयमा आफ्नो जीवन धान्नको लागि कमाउन सक्नेगरी उचीत तालिम समयमा नै पाउनु पर्दछ र सबैखाले शोषणबाट संरक्षण पाउनु पर्दछ ।
- बालबालिकालाई समझदारीमा हुर्काउनु पर्दछ कि उनीहरुको प्रतिभा मानव सेवामा समर्पित होस् ।

- भोको बच्चाले खान पाउनु पर्दछ, विरामीले उचित स्याहार, उपचार पाउनु पर्दछ, मानसिक र शारीरिक रुपले अपाङ्गता, अशक्त भएका बालबालिकाले उचीत तालिम तथा शिक्षा पाउनु पर्दछ। अनाथ, परिवार बिहीन बालबालिकाले आश्रय पाउनु पर्दछ।
- दुःख, संकट, प्रकोप परेको बेलामा सबैभन्दा पहिले बालबालिकाले उद्धार कार्यको सेवा पाउनु पर्दछ।

यसै अनुसार जेवले “सेभ द चिल्ड्रेन फण्ड युके” को स्थापनाबाट बाल बचाउ अभियानको शुरुवात गरिन्। यस्तै सन् १९२१ को बालअधिकार घोषणाको मस्यौदालाई सन् १९२४ को जेनेभा घोषणापत्रमा समावेश गरियो र बालअधिकारको अवधारणालाई अन्तर्राष्ट्रिय रुपमा चिनाउने काम भयो। सन् १९४८ मा मानव अधिकारको घोषणापत्र जारी भयो। यसको सबै मानिसको अधिकारको बारेमा उल्लेख गरिएतापनि बालबालिकाको विशेष संरक्षण र सुरक्षाको सन्दर्भमा बलियो रुपमा आवाज उठ्न सकेन। सन् १९५९ मा संयुक्त राष्ट्रसंघले बालबालिकाको उच्चतम् हितलाई ध्यानमा राख्दै घोषणापत्र जारी गऱ्यो। सन् १९५९ देखि १९७९ सम्मको अवधिमा यो घोषणापत्रको रुपमा मात्र रह्यो। जसको परिणामस्वरुप बालअधिकारको आवाजलाई बाध्यात्मक रुपमा लागु गर्ने स्थितिको सिर्जना भयो।



सन् १९७९ लाई संयुक्त राष्ट्रसंघले बाल बर्षको रुपमा मनायो। यसै सन्दर्भ बनाएर पोल्याण्ड सरकारले बालअधिकारको महासन्धिको मस्यौदा समेत तयार गऱ्यो। यो मस्यौदा दश बर्षसम्म छलफल भयो र यसलाई परिमार्जन गर्दै २० नोभेम्बर १९८९ को संयुक्त राष्ट्रसंघको महासभाले महासन्धिको रुपमा पारित गऱ्यो। यसरी एक सामान्य नागरिक (महिला) ले युद्धको विभिषिकाबाट प्रताडित भई उठाएको आन्दोलनको आवाजले संयुक्त राष्ट्रसंघको महासन्धिको रुप लियो। संसारका १९६ मुलुकहरुले यो महासन्धिमा हस्ताक्षर गरिसकेका छन्। नेपालले बालअधिकार सम्बन्धी महासन्धिमा १४ सेप्टेम्बर १९९० मा हस्ताक्षर गरेको हो।

बालअधिकार सम्बन्धी महासन्धिले गरेका व्यवस्थाहरुलाई मध्यनजर गर्दै बालअधिकारलाई मुख्य रुपमा निम्नानुसारका चार भागमा विभाजन गर्न सकिन्छः

१. बाल बचावट (बाँच्न पाउने अधिकार)- यो बालबालिकाको जन्मसिद्ध अधिकार हो। जन्मेपछि परिचय, गाँस, बास, कपास (लुगा), सफा पानी, उपचारलगायतका आधारभूत कुराहरु पाउनुपर्दछ।
२. बाल संरक्षण (सुरक्षित हुने अधिकार)- हेला, उत्पीडन, शोषण, दुर्व्यवहार, हानिकारक काम, युद्धमा लाग्नुपर्ने, आमा-बाबुबाट

अलग्गिनुपर्ने जस्ता कुराबाट सुरक्षित हुन पाउनुपर्दछ । अनाथ, अपाङ्ग बालबालिकाले बिशेष संरक्षण पाउनुपर्दछ ।

३. बाल विकास (विकास गर्ने अधिकार)- स्वच्छ वातावरणमा शिक्षा, मनोरञ्जन, खेल, रचनात्मक कार्य, बिना भेदभाव सहयोग पाउने, जानकारी राख्ने लगायतका स्व-विकासका अधिकार र मनमा लागेका कुरा भन्न पाउने अधिकार सुरक्षित हुनुपर्दछ ।

४. बाल सहभागिता (सहभागि हुने अधिकार) बालबालिकाले आफ्नो कुरा सम्बन्धित ठाउँमा राख्न, बोल्न पाउनु पर्दछ । यसैगरी बाल हकहित र विकासका लागि सभा, सेमिनारमा भाग लिन पाउनु पर्दछ ।

## बालअधिकारको क्षेत्रमा नेपालले गरेका प्रयासहरु-

बालबालिकाको हक, हित र अधिकारलाई मध्यनजर गर्दै नेपालको हकमा पनि केही महत्वपूर्ण क्रियाकलापहरु सम्पादन भएका छन् । पछिल्लो समयमा ***बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति-२०६८*** र ***बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८*** जारी भई कायान्वयनमा आएको छ ।



बालमैत्री स्थानीय शासन बाअधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय शासन ऐन-२०५५ बमोजिम स्थानीय तहमा सुशासन अभिबृद्धि गर्न ल्याइएको अवधारणा हो । यस्तै बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि-२०६८ बालबालिकाको क्षेत्रमा प्रभावकारी रुपमा कार्यसम्पादन गर्नका लागि महत्वपूण साधन बन्न पुगेको छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ नेपाल सरकार मन्त्री परिषद्बाट २०६८ असार २१ गते पारित भई लागू भएको हो । यसले स्थानीय निकायलाई बालबालिकाको हितमा योजना तर्जुमा गर्न, स्रोतको विनियोजन गर्न, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न सघाउ पुऱ्याउँदछ । नेपालको अन्तरिम संविधान २०६३ ले समेत बालअधिकारको सवाललाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ ।

हामीले मुलुकमा भएको अन्य प्रयासहरुलाई हेर्ने हो भने बालबालिका सम्बन्धि ऐन-२०४८ पनि महत्वपूर्ण छ । दलित बालबालिका तथा कर्णाली अञ्चलमा बस्ते सबै बालबालिकाको अवस्थालाई मध्यनजर गरेर बाल संरक्षण कार्यान्वयन कर्याविधि समेत लागू भएको छ । यस्तै वि.सं. २०५१ सालमा ऐनको

कार्यान्वयनको लागि बालबालिका सम्बन्धि नियमावली समेत बनेका अवस्था छ । वि.सं. २०५६ सालमा बालश्रम (निषेध र नियमन गर्ने) ऐन निर्माण भएको छ भेन बालबालिकाको लागि १० बर्षे राष्ट्रिय कार्ययोजना निर्माण भई कार्यान्वयनको चरणमा रहेको छ । २०५१ सालदेखि बालबालिका सम्बन्धि नियममा आधारित भएर प्रत्येक जिल्लाका जिल्ला अदालतमा बाल इजालास, प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला बाल कल्याण समिति र केन्द्रीय स्तरमा बालकल्याण समिति स्थापना भएका छन् । यस्तै राष्ट्रिय योजना आयोगमा महिला तथा बालबालिका शाखा र श्रम मन्त्रालयमा बालश्रम शाखाको स्थापना भएको छ ।

अन्ततः कानूनी व्यवस्था गरेर मात्रै पुग्दैन, त्यसको व्यवहारमा कार्यान्वयन पनि गर्नुपर्दछ । बालबालिकाको क्षेत्र अति नै संवेदनशिल क्षेत्र पनि हो । हामीले अहिले बालबालिकालाई कस्तो बनाउँदैछौं भन्ने कुरा भविष्यमा मुलुक कस्तो बन्छ भन्नेसँग जोडिएको हुन्छ । त्यसैले समुन्नत र सम्बृद्ध मुलुक निर्माणका लागि बालबालिकाको क्षेत्रमा विशेष ध्यान पुऱ्याउनु अनिवार्य छ । सधैं सबैले बालमैत्री व्यवहार गर्ने बानीको विकास गरौं ।



# जेष्ठ नागरिकको सम्मान र सरोकारवालाको भूमिका

## विषय प्रवेश-

हाम्रो देशको सन्दर्भमा जेष्ठ नागरिक ऐन २०६३ का अनुसार ६० बर्षभन्दा माथिको उमेर समूहलाई जेष्ठ नागरिक मान्ने कानूनी मान्यता रहेको छ । नियमावली समेत बनिसकेको अवस्था छ । नेपालको कुल जनसंख्यामा झण्डै ७ देखि ९ प्रतिशत बृद्ध-बृद्धाहरु रहेको प्रारम्भिक सर्वेक्षणबाट देखिएको छ ।

मानिसको उमेर बढ्दै जानु बुढ्यौली हो । बुढ्यौली भनेको जैविक रुपमा शरीरमा हुने अनेकौं भौतिक संरचनागत रसायकि परिवर्तनको प्रतिफल हो । समाजशास्त्रीय अध्ययनबाट बृद्ध-बृद्धा वा जेष्ठ नागरिक भनेर कति उमेरको मानिसलाई भन्नु पर्दछ भन्ने कुरालाई निर्क्यौल गर्न सकिन्छ । सामान्यतः रोगको दोहोरो भार, अपाङ्गताबाट बढेको जोखिम, स्वास्थ्योपचारको समस्या, जसबाट सेवा र सम्मानको आश गरिन्छ तिनको नैतिकतामा ह्रास, बृद्ध-बृद्धाहरुको संगठनको अभाव, धार्मिक तथा मनोरञ्जनात्मक स्थलहरुको अभाव, भावना साटासाट गर्ने साथीहरुको कमी, आर्थिक अभाव लगायत जेष्ठ नागरिकहरुका मुख्य समस्याहरु हुन् ।

जेष्ठ नागरिकभित्र पनि असाहाय जेष्ठ नागरिकको सन्दर्भमा जेष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ले जीवन यापन गर्ने कुनै आधार, आयस्रोत र सम्पत्ति नभएको वा पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको वा परिवारको सदस्य भएपनि पालन पोषण नगरी अपहेलित वा उपेक्षित जिपन यापन गर्नुपरेको अवस्थालाई बुझ्नुपर्छ भनि उल्लेख छ भने "अशक्त जेष्ठ नागरिक" भन्नाले शारीरिक र मानसिक रुपमा अशक्त जेष्ठ नागरिकलाई बुझाउने कुरा उल्लेख छ ।

समग्रमा अध्ययन गर्ने हो भने हाम्रो देशमा जेष्ठ नागरिकहरुको अवस्था निक्कै चिन्ताजनक रहेको छ । प्राचिन समयमा आफ्ना घर परिवारका जेष्ठ नारिकहरुलाई माया, ममता, मान-सम्मान, हेरचाह तथा स्याहार सुसार गरिने असल संस्कार थियो, तर आजको समयमा निकै कम मात्र परिवारले त्यो परम्परालाई कायम राखेको अवस्था छ ।

## जेष्ठ नागरिकको सम्बन्धमा भएका केही प्रयासहरु-

नेपालमा सातौं पञ्चबर्षिय योजना (२०४२-०४३) देखि सामाजिक सुरक्षाको अवधारणा प्रारम्भ भएको पाइन्छ । त्यसपछिको आठौं र नवौं योजनामा पनि यसमा परमार्जन गर्दै थप कार्यक्रमहरुको तर्जुमा गरिएको थियो । दशौं योजना (२०६९-०६४) मा सामाजिक सुरक्षासम्बन्धी नीति एवम् कर्यानीतिहरु राखिएका थिए । यसैगरी नेपालमा पनि महिला तथा समाज कल्याण मन्त्रालय अन्तर्गत ४६ सदस्यीय "अन्तर्राष्ट्रिय जेष्ठ नागरिक बर्ष १९९९" मूल समिति र त्यस अन्तर्गत कार्यक्रम तयारी समिति स्थापना गरी स्थापना गरी जेष्ठ नागरिक हित



सम्बन्धी दीर्घकालीन कार्यक्रमहरु तर्जुमा गर्ने उद्देश्य लिइएको थियो ।

पछिल्लो त्रिबर्षीय योजनामा पनि विभिन्न कार्यक्रमहरु समावेश गरिएका थिए । नेपाल सरकारबाट जेष्ठ नागरिकलाई सम्मान गर्ने परम्पराको विकास गर्दै सामाजिक सुरक्षाको कार्यक्रमको थालनी २०५१/०५२ को बजेटबाट बृद्ध भत्ताको प्रावधान शूरुवात भएको थियो । मासिक १०० रुपैंयाँबाट शुरु गरिएको सामाजिक सुरक्षा भत्तालाई विगत लामो समयदेखि मासिक ५०० रुपैंयाँ वितरण गरिँदै आइएको छ ।

सरकारले जेष्ठ नागरिक कार्यनीति पारित गरिसकेको छ । जेष्ठ नागरिक ऐन २०६३ समेत जारी भैसकेको छ । सरकारले जेष्ठ नागरिकको स्वास्थ्योपचार सेवा कार्यान्वयन निर्देशिका २०६१ लागू गरेको अवस्था छ । पाटन अस्पताल, कीर्तिपुर आयुर्वेद अस्पताल र वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा जेष्ठ नागरिक विभाग अर्थात् जेरियाट्रिक्स डिपार्टमेण्ट खोली बिशेष औषधोपचारको व्यवस्था मिलाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको निर्देशिकामा शीघ्र स्वास्थ्योपचार हुन जरुरी तर आर्थिक अवस्थाले कमजोर भएका, शारीरिक अवस्थाले टाढा जान नसक्ने र स्थानीय स्वास्थ्य केन्द्रहरुमा उपचार हुन नसक्ने जेष्ठ नागरिकहरुलाई स्वास्थ सेवा उपलब्ध गराउन आर्थिक सहयोग गर्ने उद्देश्य राखेको छ । मुटु, क्यान्सर, मिर्गौला, पार्किन्सन्स आल्जाइमर्स, रोगको उपचारमा ५० प्रतिशत छुट र ७५ बर्ष काटेकालाई निःशुल्क स्वास्थ्योपचार गर्ने व्यवस्था गरिएको छ ।

## सरकोकारवालाहरुको भूमिका-

***क) परिवारको भूमिका:*** जेष्ठ नारिकलाई प्रत्येक परिवारका सदस्यहरुले स-सम्मान साथ आफुसँगै घरमा राख्ने व्यवस्था गर्नुपर्ने हुन्छ । घर, परिवार तथा समाजका जेष्ठ नागरिकहरु पनि परिवार, समाज तथा राज्यका महत्वपूण पक्ष हुन् भन्ने वातावरण प्रत्येक परिवारले सिर्जना गर्नुपर्दछ । व्यस्त जीवनशैली भएतापनि घर परिवारका जेष्ठ नागरिकहरुलाई समय तथा सेवा दिनुपर्ने हुन्छ । जेष्ठ नागरिकहरुले पनि देश विकासमा सहयोग गर्न सक्दछन् भन्ने भावनाको विकास गर्दै परिवारले सम्बन्धित निकायमा वकालत गर्नुपर्ने हुन्छ । परिवारमा रहेका जेष्ठ नागरिकहरुका आवश्यकता पहिचान गरी सो सेवा परिवारले प्रदान गर्नुपर्ने हुन्छ । जेष्ठ नागरिकहरुका स्वास्थ्य प्रति परिवारका सदस्य चनाखो रहनुपर्ने हुन्छ ।

***ख) युवा वर्गको भूमिका:*** जेष्ठ नागरिकहरुलाई युवा वर्गले समेत माया, ममता तथा आदर, सम्मान गर्नुपर्दछ । शुभचिन्तक तथा पथ-प्रदर्शकका रुपमा रहेका जेष्ठ नागरिकहरुको अनभव, ज्ञान तथा सिपलाई स-सम्मान कदर गर्नुपर्दछ । उनीहरुका समस्याका सन्दर्भमा समेत युवाहरुले वकालत गर्नुपर्ने हुन्छ । यसैगरी जेष्ठ नागरिकहरुको आवश्यकता पहिचान गरी अत्यन्त आवश्यकीय सवाललाई सामाजिक सुरक्षाको नीतिमा सम्बोधन गराउनका लागि राज्यका सम्बन्धित निकायमा वकालत गर्न पहल गर्नुपर्ने हुन्छ । यस्तै जेष्ठ नागरिकहरुलाई पनि देश विकासको मूलधारमा ल्याउने



वातावरण तथा योजनाहरु तर्जुमा गर्ने र असुरक्षित अवस्थामा रहेका जेष्ठ नागरिकहरुलाई सुरक्षित स्थानमा बस्ने व्यवस्थापन गर्ने कुराहरुमा पनिय युवाको बिशेष भूमिका रहन सक्दछ ।

***ग) सम्बन्धित संघ/संस्थाहरुको भूमिका:*** संघ/संस्थाहरुले जेष्ठ नागरिकलाई आवश्यक सम्पूर्ण क्षेत्रमा प्राथमिकता दिई अर्न्तनिहित ज्ञान, सीप र अनुभवको उचित प्रयोग गरी अधिकतम् स्वाभलम्बी हुन सहयोग गर्न सकिन्छ । बढ्दै गइरहेको जेष्ठ नागरिकहरुको समस्यालाई मध्यनजर गर्दै हेरचाह गृह र दिवा सेवा केन्द्र प्रत्येक जिल्ला, नगरपालिका र गाविसमा कम्तीमा एक-एक वटा उपलब्ध गराउने हो भने महत्वपूर्ण सहयोग पुग्दछ । यसैगरी मानव अधिकारवादी संघ/संस्थाहरुले जेष्ठ नागरिकको सामाजिक सुरक्षा सम्बन्धी सवाललाई मूलप्रवाहमा समावेश गराउन जोड दिनुपर्दछ ।

***घ) नेपाल सरकारको भूमिका:*** सरकारले निर्माण गरेका नीत नियमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न जरुरी छ भने उनीहरुको हक, हित संरक्षण्का लागि नयाँ-नयाँ व्यवस्थाहरु गरिनुपर्दछ । यसैगरी उनीहरुको हक, अधिकारको बारेमा जानकारी दिनका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । उनीहरुले सिकेका, भोगेका ज्ञान, सिप र अनुभवहरुलाई नयाँ पुस्ताको विकास तथा जिविकोपार्जनका लागि अवसरको रुपमा प्रयोग गर्ने कार्यक्रमहरु ल्याउनुपर्दछ । स्पष्ट सरकारी नीति नियमहरुको व्यवस्था गर्दै उनीहरुलाई सरकारी सेवा, सुविधाहरु प्रदान गर्नका लागि परिचयपत्रको व्यवस्था गरिनु आवश्यक देखिन्छ ।

## जेष्ठ नागरिकलाई सम्मान किन ?

आचार्य चाणक्यले "बृध्दोपसेवा विज्ञानम्" नीति सुत्रमा भनेको पाइन्छ । बुढाबुढीबाट ज्ञान र विज्ञान दुवै कुरा सिक्न पाइन्छ । हामीले बृद्धको सेवा गऱ्यौं भने हामी बुढाबुढी हुँदा पनि हामीहरुमाभ्m सेवा गर्ने जनशक्ति उत्पादन हुनेछ । बृद्धहरुले आफ्नो समयमा गरेको पौरखले गाउँ, समाज र राष्ट्रलाई गुन लगाएको हुन्छ । गुनको कदर गर्नु मानवीय कर्तव्य हो । नयाँ पुस्ताले उनीहरुबाट दीर्घकालसम्म विभिन्न बिषयहरुको ज्ञान प्राप्त गर्न सक्दछ ।

जेष्ठ नागरिकहरुको आदर सम्मान अपरिहार्य छ । सामान्यतः समाजमा उनीहरुलाई बोभ्mको रुपमा लिने चलन समेत रहेको छ । घरबाट पन्छाएर बृद्धाश्रम पुऱ्याउने संस्कारले विस्तारै घर गर्दै आएको छ । तर आफ्ना, आफन्तहरु भएका बृद्ध-बृद्धाहरुलाई माया, ममता दिएर परिवारमा नै राख्नु पर्दछ ।

꣼



# अपाङ्गताको सवाल र राज्यको दायित्व

अपाङ्गलाई हेर्ने, व्याख्या गर्ने र बुझ्ने दृष्टिकोणहरु फरक-फरक रहेका पाइन्छ । मुख्यतः शरीरका ज्ञानेन्द्रीय वा आंगित प्रणालीमा आएको कार्य सिमितता, अवरोधले गर्दा सिर्जना भएको सहभागिताको बञ्चितिकरण र विभेदजन्य अवस्थाले सिर्जना गरेको सामाजिक बहिष्कारले मानिस अपाङ्गताको अवस्थामा रहेको हुन्छ । यिनै अवस्थाले जन्माएको वा उत्पन्न अवसरबाट बनेको वातावरणलाई अपाङ्गता मान्न सकिन्छ । यसर्थ यस्तो वातावरण रहेका व्यक्तिहरुलाई अपाङ्गता भएको व्यक्ति भनिन्छ । अझ सरल तरिकाले भन्ने हो भने शरीरको कुनै अंगले कार्य गर्न नसक्नु वा निष्कृय हुनु नै अपाङ्गता हो । अपाङ्ग शब्दले मानिसको शरीरको कुनै अंग गुमेको वा विछिप्त भएको भनेर भन्न र बुझ्न पन सकिन्छ ।

नेपाली बृहत् शब्दकोषमा हात, गोडा भाँचिएको, शरीरको कुनै भाग विकृति भएको, विकलाङ्ग भनिएको पाउन सक्छौं । यसलाई बुझ्ने सामाजिक दृष्टिकोण भने फरक किसिमको छ ।

जनचेतनाको कमी र धार्मिक अन्धविश्वासलाई अंगाल्नेहरुले पुनर्जन्मको पापको फलको रुपमा पनि अपाङ्गतालाई लिइरहेको तितो यथार्थता हाम्रो समाजमा पाउन कठिन छैन । यसैगरी सही रुपले अपाङ्गताका क्षेत्रमा बनेका कानूनहरुको कर्यान्वयन समेत हुन सकिरहेको छ ।

अन्तरनिहीत क्षमता र उसको सीपको अवमूल्यन, व्यक्ति, परिवार वा समाजमा देखापर्ने नकारात्मक सोंच र अपाङ्गता भएका व्यक्ति स्वयम्भित्र पैदा भएको निराशा र हिनताको भावनाले गर्दा समस्या पैदा भएको हो । अपाङ्गहरुलाई पनि अन्य नागरिकहरु जति नै बराबरी रुपले प्रस्तुत गर्दै उनीहरुको हक, अधिकारको संरक्षण गर्ने सोंच नेपालको पहिलो कानून मुलुकी ऐनसँगै आएको हो तर यस बिषयमा विस्तृत ऐन भने २०३९ सालमा मात्र आएको थियो । वि.सं. ०३९ सालदेखि हालसम्मको सेरोफेरोमा आइपुग्दा यी ऐन तथा नियमावलीहरु मख्यतः कागजी रुपमा मात्र सिमित रहन पुग्यो ।

नेपालको कुल जनसंख्याको करिब १२ प्रतिशत अर्थात् ३० लाखको हाराहारीमा रहेको अपाङ्गहरुमध्ये प्रायः अरुको सहारामा बाँच्नुपर्ने र साँझ, विहानको छाक टार्नुपर्ने विवशता हाम्रो सामु छर्लङ्ग छ । यस्तो किसिमको अवस्था बर्षौं अघिदेखि



विद्यमान छ । जसको प्रमुख कारण यस्ता समूह र वर्गहरुको लागि प्राथमिकताको साथ कानूनको निर्माण र कार्यान्वयन नहुनु हो । अपाङ्गहरुको सन्दर्भमा समानुपातिक व्यवहार गर्ने दायित्व राज्यको हो तरपनि यो व्यवहारमा भने पाईदैन । नेपालमा अपाङ्गता सशक्तिकरण र मानवअधिकार रक्षाको लागि कानूनी व्यवस्थाको जरुरी छ । अहिले जसरी अधिकारको कुराहरु भईरहेको छ, त्यसले अपाङ्गता भएका नागरिकहरुको मुद्धालाई सही रुपमा सम्बोधन गरिएको पाईंदैन ।

कानूनको वर्तमान स्थितिलाई हेर्ने हो भने अपाङ्गता भएका नागरिकको लागि अन्तर्राष्ट्रिय महासन्धी (UNCRPD) नेपालले पनि अनुमोदन गरिसकेको छ । विभिन्न राष्ट्रहरुका अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी व्यवस्था त्यहाँको संविधान, मानवअधिकार सम्बन्धी कानुन तथा समानता सम्बन्धी कानुन अन्तर्गत राखिएका छन् । अपाङ्गता भएका व्यक्तिहरुको लागि फिलिपिन्समा घोषणापत्र नै जारी भइसकेको अवस्था छ भने अष्ट्रेलिया र हङ्कङ्गमा पनि बिशेष व्यवस्था गरिएको पाइन्छ ।

नेपालको सन्दर्भमा विगतका संविधानमा पनि राज्यको निर्देशक सिद्धान्तअन्तर्गत अपाङ्गहरुको हक, हितलाई समावेश गरिएको पाइन्छ भने अन्तरिम संविधानले पनि राज्यको दायित्व,

निर्देशक सिद्धान्त तथा नीतिहरुमा व्यवस्था गरेको छ । तर प्रयास र प्रयोगको तुलनामा नेपाललाई हेर्ने हो भने राज्यले अपाङ्गहरुलाई सही रुपमा न्याय प्रदान गर्न सकिरहेको अवस्था छैन । रोजगारी र शिक्षाको क्षेत्रमा अपाङ्गहरुको पहुँच स्थापित गर्ने दिशातर्फ राज्यको ध्यान केन्द्रीत हुनुपर्दछ ।

**र अन्त्यमा**, अपाङ्गता भएका व्यक्तिहरुप्रतिको सामाजिक धारणा बदल्न राज्यलाई उत्तरदायी बनाउन नागरिक समाज, बुद्धिजीवि तथा संचार क्षेत्र, सरोकारवाला निकायहरु लगायतले आम जनमानसमा सचेतना फैल्याउँदै आ-आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकारको सम्मान गर्नु सदैव राज्यको दायित्व हो । राज्यले गर्ने सबै क्रियाकलापहरु अपाङ्गमैत्री भयो यदि भने अपाङ्गहरुले राज्य मेरो पनि हो भनेर गर्भ गर्ने ठाउँ रहन्छ ।



## सन्दर्भ सामाग्रीहरु-


१. मानव अधिकार शान्ति शिक्षामालाः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
२. नेपालमा सकारात्मक विभेद अवधारणा र अभ्यासः डि.एन. पराजुली
३. लैंगिक तथा महिलावादी अध्ययनः भोजेन्द्र अर्याल
४. घरेलु हिंसा (कसूर र सजाय) ऐन-२०६६
५. महिलामाथि हुने घरेलु हिंसा र यस सम्बन्धी कानुनी व्यवस्थाबारे सूचनामूलक जानकारी पत्रः घरेलु हिंसा विरुद्ध अभियान, पूर्वाञ्चल नेटवर्क-२०६६
६. जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन-२०६८
७. नेपालमा जातपात र छुवाछूतः नारायणप्रसाद चँदारा
८. A Study on Discriminatory Laws: Forum of Women, lLaw and Development (FWLD)
९. दलित समुदाय समावेशी अधिकार सम्बन्धी बिशेष व्यवस्था गर्न बनेको विधेयक, २०६८ को प्रस्तावित मस्यौदाः नेपाल सरकार, राष्ट्रिय दलित आयोग
१०. विभिन्न पत्र, पत्रिकाहरुमा प्रकाशित लेख रचनाहरु ।
११. समानता र ग्रैह्रभेदभावको अवधारणात्मक स्पष्टता-OHCHR

सकारात्मक विभेदको अवधारणा पेज